# स्थानीय अनुकूलन कार्ययोजना

# Local Adapatation Plan of Action

## बाँफिकोट गाउँपालिका, पश्चिम रुकुम

(आ.व.२०८२/०८३-२०८७/०८८)




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**तयार गर्ने**

**बाँफिकोट गाउँपालिकाको कार्यालय, रुकुम पश्चिम**

**२०८२**

सार्वाधिकार © बाँफिकोट गाउँपालिका, रुकुम पश्चिम, कर्णाली प्रदेश, नेपाल

योजनाको नामः स्थानीय अनुकूलन कार्ययोजना

तयार गरिएको वर्षः २०८०

पुनरावलोकन गरिएको वर्ष : २०८२

तयार गर्नेः बाँफिकोट गाउँपालिका, रुकुम पश्चिम, कर्णाली प्रदेश, नेपाल

योजना अवधि : २०८२/०८३ देखि २०८७/०८८ सम्म

पुनरावलोकन गर्न आर्थिक तथा प्राविधिक सहयोग : Ipas Nepal

# बाँफिकोट गाउँकार्यपालिकाको कार्यालय

बाँफिकोट गाउँपालिका, रुकुम पश्चिम
कर्णाली प्रदेश, नेपाल
२०७३

**पत्र संख्या :०८१/०८२**

**च.नं :** **मिति : २०८२/२/२४**

**विषय : स्थानीय अनुकुलन गाउँपालिकाको अध्यक्षको तर्फवाट**

जलवायु परिर्वतनको असर सबै क्षेत्र तह र तप्कामा परिरहेको छ । रुकुम पश्चिम जिल्लाको यस बाँफिकोट गाउँपालिकाका वासिन्दाहरुले पनि यसका विभिन्न असरहरु भोल्दै आएका छन् । अन्य रोजगारीका विकल्पहरु बढ्दै गए पनि यहाँका वासिन्दाहरु मुख्यतः कृषि प्रणाली तथा पशुपालनमा निर्भर रहँदै आएका छन् । सबै वडाका वासिन्दाहरुमा जलवायु परिर्वतनका कारण जिविकोपार्जनको लागि अपनाइएको खेती प्रणाली तथा पशुपालनमा विबिध प्रकारका असरहरु देखिरहेका छन् । पहिरो, बाढी तथा नदी कटान, बालीरोग, पशुरोग, खडेरी, मिचाहाकार, आगलागी, मानव रोग आदि जस्ता प्रकोपहरुका कारण उत्पादनमा कमी हुनुका साथै मानिस तथा पशु लगायत यहाँ हरेक जैविक विबिधतामा असर परिरहेको छ ।

यस्ता पक्षहरुलाई मध्यनजर गर्दै यस गाउँपालिकामा देखिएका प्रमुख प्रकोपहरुको क्रमिक रुपमा पहिचान गरी त्यस्ता प्रकोपहरुसँग अनुकूलित हुनका लागि आर्थिक तथा प्राविधिक सहयोग समेत रहने गरी स्थानीय अनुकूलन कार्ययोजना तयार तथा कार्यान्वयन गर्ने क्रममा सञ्चालन गर्न पाउँदा खुशी प्रकट गर्दछु ।

यस अनुकूलन कार्ययोजनाले यस गाउँपालिकामा देखिएका जलवायु परिर्वतनका कारण सिर्जित प्रकोपहरुको धेरै हद सम्म सम्बोधन गर्ने विश्वास लिएको छु । यो कार्ययोजना कार्यान्वयनको लागि आवश्यक पर्ने आर्थिक, प्राविधिक तथा अन्य साधनहरुको ब्यवस्थापन गर्न गाउँपाकिाको तर्फवाट सदैव सहयोग रहने छ । योजना तयारीको लागि प्राविधिक तथा आर्थिक ब्यवस्थापन गर्ने मोट म्याकडोनाल्ड कम्पनी लिमिटेड, परामर्शदाता दिब्या नेपाल प्रा.ली., वडा स्तरमा खटिने जनप्रतिनिधिहरु, राजनैतिक दलहरु, महिला, समाजसेवी, बुद्धिजीबी, विभिन्न जातजाति समुदायप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्तमा यो कार्ययोजना तयार भई कार्यान्वयनको प्राक्रियामा रहेकोमा बाँफिकोट गाउँपालिकाका सम्पुर्ण बासिन्दाहरुका सफल उपलब्धिको लागि अग्रिम रुपमा हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

**"ब्यवसायिक र र्सिजनशील प्रशासनः विकास, समृद्धि, सुशासन"**

**इमेलः ito.banphikot@gmail.com**

**वेवसाइटः www.banphikotmunrkm.org.gov.np**

जनक कुमार बाँठा मगर
अध्यक्ष

# शब्दावली

**१. मौसम :** पृथ्वीको वायुमण्डलमा हरेक दिन परिवर्तन भई रहने तापक्रम, वर्षा, वायुको चाप, आद्रता आदिको अवस्थालाई मौसम भनिन्छ । यो प्रत्येक दिन, हप्ता र महिनामा परिवर्तन भईरहन्छ ।

**२. जलवायु वा हावापानी :** लामो अवधिको (करिब ३० वर्ष) मौसमको सरदर अवस्थालाई जलवायु भनिन्छ । सामान्यतया जलवायु स्थान, ऋतु विशेष अनुसार स्थिर रहन्छ ।

**३. जलवायु परिवर्तन :** लामो समयको अन्तराल एवं दीर्घकालिन अवधिमा जलवायुका विभिन्न तत्वहरुमा भएको औसत परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ । पृथ्वीको सन्तुलन खल्वलिने गरी हजारौ वर्ष देखि मानवले महशुस गर्दै, भोग्दै र बुझ्दै आएको जलवायुमा हुने फरक तथा बदलावलाई नै जलवायु परिवर्तन भनिन्छ ।

**४. हरितगृह ग्याँसहरु :** वायुमण्डलमा विश्वव्यापी रुपमा तापक्रम उष्णीकरण र जलवायु परिवर्तनको लागि जिम्मेवार रहेका ग्याँसहरुलाई हरितगृह ग्याँस भनिन्छ । क्योटो अभिसन्धि १९९७ को अनुसूची १ अनुसार हरितगृह ग्याँस अन्तर्गत कार्वनडाईअक्साईड ($CO_2$), मिथेन (CH2), नाईट्रस अक्साइड (N2O), हाईड्रोफ्लोरो कार्वन (HFC), परफ्लोरो कार्वन (Perfloro Carbons), सल्फर हेक्जाफ्लोराईड (Sulphur Hexafloride) गरी ६ किसिमका ग्याँसहरु पर्दछन् । कतारको दोहामा सम्पन्न पक्ष राष्ट्रहरुको सम्मेलन (COP) ले नाइट्रोजन ट्राईफ्लोराईड (NF3) लाई थप गरेकोले हरितगृह ग्याँसको संख्या ७ पुगेको छ ।

**५. जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि** : सन् १९९२ मा ब्राजिलको रियो दि जेनेरियामा भएको पृथ्वी सम्मेलनबाट स्थापना भएको संयन्त्र हो । विश्वका विभिन्न राष्ट्रहरुले विश्वमा जलवायु परिवर्तन भइरहेको महशुस गरेर त्यसलाई सम्वोधन गर्न यो महासन्धि पारित गरिएको हो । यसलाई १९६ देशहरुले अनुमोदन (Ratify) गरेका छन् भने सन् १९९४ देखि यो कार्यान्वयनमा आईरहेको छ । यस महासन्धिको मुख्य उद्देश्य वायुमण्डलमा रहेका हरितगृह ग्याँसहरुलाई प्रतिवद्धता अनुसारको मात्रामा निश्चित समयभित्र स्थिर राख्नु रहेको छ ।

**६. पक्षधर राष्ट्रहरुको सम्मेलन :** पक्ष (सदस्य) राष्ट्रहरुको सम्मेलन भन्नाले UNFCCC का पक्ष देशहरुको सम्मेलनलाई जनाउँछ । यो UNFCCC को सबैभन्दा शक्तिशाली निकाय हो र यो सम्मेलन प्रत्येक वर्षको अन्ततिर नोभेम्बर डिसेम्बर महिनाहरुमा हुने गर्दछ । सन् १९९७ मा जापानको क्योटोमा भएको COP-3, सन् २००७ मा ईन्डोनेसियाको बालीमा भएको COP-13, सन् २००९ मा डेन्मार्कको कोपेन्हेगनमा भएको COP-15 र फ्रान्सको पेरिसमा सन् २०१५ मा भएको COP-21 सम्मेलनहरु विशेष चर्चामा र महत्वपूर्ण रहे । सन् २०१८ को डिसेम्बरमा पोल्याण्डमा COP-24 अर्थात चौबिसौं सम्मेलन सम्पन्न भयो जस्मा पेरिस सम्झौता सम्बन्धी महत्वपूर्ण निर्णयहरु भएका छन् । COP-28 संयुक्त अरब इमिरेटसमा भएको थियो जहाँ Loss and Damage fund को स्थापना भयो । साथै पहिलो पटक Health day मनाइएको थियो र १८० भन्दा बढी राष्ट्रले Health Declaration लाई अपन्त्व लिएका छन् । COP-30 ब्राजीलमा २०२५ मा हुनेछ ।

**७. अनुकूलन :** जलवायु परिवर्तनका विद्यमान र सम्भावित असरहरुसँग जुध्न गरिने उपायहरु नै अनुकूलन हो । जस्तो गर्मी ठाँउहरुमा घरमा बढी र ठूला झ्यालहरु बनाउनु, बाढी आउँछ भनेर घरको जग अग्लो बनाउनु । यो परिवर्तित वातावरणमा आफ्नो अस्तित्वलाई निरन्तरता दिन गरिने प्रक्रिया हो । मानव सन्दर्भमा अनुकूलन अन्तर्गत परिवर्तित वातावरणमा अनुकूलित हुन सकिने क्रियाकलापहरु पर्दछन् ।

**८.न्यूनीकरण :** हरितगृह ग्यास उत्सर्जनमा कटौति गरी वा वायुमण्डलमा भएको अधिक कार्बनलाई अवशोषण सञ्चिति क्षमतामा अभिवृद्धि गराई वायुमण्डलमा थप हरितगृह ग्याँस थुप्रन रोक्ने कार्यहरुलाई नै उत्सर्जन न्यूनीकरण भन्ने गरिन्छ ।

**९. स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय खाका :** राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) ले पहिचान गरेको कार्यक्रमहरुलाई समुदाय तहसम्म पुऱ्याउनका लागि नेपाल सरकार वातावरण मन्त्रालयले यो स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय खाका तयार गरेको हो । यो वि.सं. २०६८ मा अनुमोदन भई कार्यान्वयनमा रहेको यो खाकालाई विद्यमान शासकिय संरचना अनुकूल बनाउन वि.सं. २०७६ मा समिक्षा गर्दै परिमार्जन गरिएको छ । स्थानीय स्तरमा विकास निर्माण र स्रोत व्यवस्थापनको समग्र प्रकृयामा जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्न स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुलाई दिशा निर्देश गर्नु यो लापा खाकाको मुख्य उद्देश्य रहेको छ । यसै खाका अनुसार तयार गरिएको स्थानीय स्तरको अनुकूलन कार्ययोजनालाई लापा (LAPA) भनिन्छ ।

**१०. जोखिम :** जलवायु परिवर्तनका कारण हुन सक्ने हानी, नोक्सानी वा प्रकोपको सम्भावना नै जोखिम हो ।

**११. प्रकोप :** कुनै समुदायमा पर्ने गम्भीर व्यवधान नै प्रकोप हो । प्रकोपले मानव समुदाय र भौतिक वस्तुहरूमा आर्थिक एवं वातावरणीय क्षति तथा प्रभाव पार्दछ जुन कुरा समुदाय वा समाजको आफ्नो श्रोत प्रयोग गरी पुनः स्थापित हुने क्षमता भन्दा बढी हुन्छ ।

**१२. सङ्कटासन्नता :** कुनैपनि प्रणाली जलवायु परिवर्तनको असरबाट संकटमा पर्न सक्ने र प्रभाव वहन गर्न नसक्ने अवस्थामा पुग्ने स्थितिलाई संकटासन्नता भनिन्छ ।

**१३. संवेदनशीलता :** जलवायु परिवर्तनको कारणले कुनै पनि प्रणालीलाई सकारात्मक वा नकारात्मक रुपमा पार्ने प्रभावको परिणाम वा अवस्थालाई संवेदनशीलता भनिन्छ ।

**१४. अनुकूलन क्षमता :** जलवायु परिवर्तन वा अन्य वातावरणीय समस्याहरुसँग अनुकूलन हुन सक्ने क्षमतालाई अनुकूलन क्षमता भनिन्छ । अनुकूलन क्षमता समुदायको आर्थिक स्रोतहरु, प्रविधिहरुमा पहुँच, जलवायु परिवर्तन सम्बन्धी सूचनाहरुमा पहुँच, सूचनाहरुको उपयोग गर्न सक्ने क्षमता, संस्था र स्रोतको न्यायोचित वितरणसँग सम्बन्धीत हुन्छ । अनुकूलन क्षमता विकाससँग पनि सम्बन्धी त हुन्छ, जस्तै जति बढी राष्ट्र वा समुदाय विकसित हुन्छ अनुकूलन क्षमता पनि उत्ति नै बढी हुन्छ ।

**१५. जोखिम न्यूनीकरण :** जलवायु परिवर्तन र मौसमसँग सम्वन्धित विषम घटना (Extreme Events) का कारण हुन सक्ने हानी नोक्सानी र जोखिमलाई कम गर्न अपनाइने कृयाकलापहरुलाई जोखिम न्यूनीकरण भनिन्छ ।

**१६. जलवायु उत्थानशीलता :** जलवायु परिवर्तनले पारेका असरलाई कम गरी जीविकोपार्जन, वातावरण र पारिस्थितिकीय प्रणालीलाई साविकको  प्राकृतिक अवस्था वा सो भन्दा सवल अवस्थामा लैजान गरिने कार्यलाई उत्थानशीलता भनिन्छ ।

**१७. जलवायुमैत्री विकास :** जलवायु परिवर्तन कम गर्न र विकास निर्माण कार्य गर्दा हरित गृह ग्याँस उत्सर्जन न्यून गर्दै गरिने विकास कार्यलाई जलवायु मैत्री विकास भनिन्छ ।

**१८. स्वास्थ्य राष्ट्रिय अनुकूलन योजना :** नेपाल सरकार स्वास्थ्य मन्त्रालयले स्वास्थ्य क्षेत्रमा पर्ने जलवायु परिवर्तनको असरलाई कम गर्न २०१६ देखि २०२० सम्मको स्वास्थ्य राष्ट्रिय अनुकूलन योजना तयार गरी कार्यन्वयन गरेको छ र पुन स्वास्थ्य क्षेत्रभित्र सहकार्यको मार्फत स्वास्थ्य क्षेत्रमा पर्ने जलवायु परिवर्तनको असरलाई कम गर्ने उद्देश्यका साथ २०२३ देखि २०३० सम्मको कार्ययोजना बनाइ अगाडी बढेको छ ।

## विषय सुची

**परिच्छेद १: पृष्ठभुमि** १०

१.१ स्थानीय अनुकूलन कार्ययोजनाको परिचय तथा औचित्य १०

१.२ स्थानीय अनुकूलन कार्ययोजनाको लक्ष्य, मान्यता एवं सिद्धान्तहरु १२

**परिच्छेद २: गाउँपालिकाको पृष्ठभुमी** १४

२.१ गाउँपालिकाको भौगोलिक अवस्थिती र भूवनोट १४

२.२ गाउँपालिकाको जनसांख्यिक विवरण १५

२.३ सामाजीक सांस्कृतिक विशेषताहरु १६

२.४ आर्थिक क्रियाकलापको अवस्था १७

२.५ शैक्षीक अवस्था १८

२.६ प्राकृतिक श्रोतको अवस्था १८

२.६.१ वन सम्बन्धी विवरण १८

२.६.२ जलश्रोत विवरण १८

२.६.३ भुउपयोग तथा वर्गीकरण १९

२.७ भौतीक पूर्वधारको अवस्था १९

२.८ इन्धन उपयोग विवरण २०

२.९ गाउँपालिकामा रहेको स्वास्थ्य संस्था २०

२.१० लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था २१

२.११ गाउंपालिकामा रहेका सेवाप्रदायक संघ संस्थाहरु २१

**परिच्छेद ३. स्थानीय अनुकूलन कार्ययोजनाको विधि र प्रकिया** २४

३.१ जलवायु परिवर्तन सचेतना अभिवृद्धि २५

३.२ संकटासन्नता, जोखिम विश्लेषण तथा वस्तुगत विवरणको तयारी २७

३.२.१ प्रकोपहरुको ऐतिहासिक समयरेखा २७

३.२.२ बाली, प्रकोप तथा मौसमी पात्रो ३०

३.२.३ तापक्रम तथा वर्षाको अवस्था ३४

३.२.४ सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन ३६

३.२.५ प्रकोपको प्राथमिकिकरण ४०

३.२.६ जोखिमको रुपरेखा ४१

३.२.७ संकटासन्न वर्ग तथा समुदाय पहिचान ४३

3=2=8 वडाहरुको संकटासन्नताको अवस्था स्तरीकरण ५१

३.२.९ स्रोतहरुको वितरण तथा जोखिमको अवस्था ५१

३.२.१० जीविकोपार्जनका स्रोतहरु माथिको प्रभाव विश्लेषण ५७

३.२.१२ विषयगत क्षेत्रमा पारेको प्रभाव ५८

**परिच्छेद ४: जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिहरुको पहिचान** ६१

४.१ अनुकूलन र विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरु पहिचान ६१

५.३ अनुकूलन र विपद् जोखिम न्यूनीकरणका योजनाहरु ६८

**परिच्छेद ५ : जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण मुलप्रवाहिकरण** ७३

५.१ स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा र अनुगमन तथा मूल्यांकन प्रक्रियामा मूलप्रवाहीकरण ७३

**परिच्छेद ६: अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यहरुको तर्जुमा र कार्यान्वयन** ७५

६.१ योजना कार्यन्वयन रणनितीहरु ७६

६.२ वित्तिय संयन्त्र ७६

६.३ प्रतिवेदन ७६

६.४ अनुगमन तथा मुल्याङ्कन योजना ७६

**सर्न्दभ सामग्रीहरुः** ८०

**अनुसूचीहरु** ८३

तालीकाहरुको सूची


तालीका १ : वडागत रुपमा जनसंख्या तथा घरधूरीको विवरण ...... १५

तालीका २ : बाँफिकोट गाउँपालिकाको जातिगत जनसंख्याको विवरण ...... १६

तालीका ३ : आर्थिका रुपले सक्रिय र आश्रित जनसंख्याको विवर०ा ...... १७

तालीका ४ : भुउपयोगका  वर्गीकरण ...... १९

तालीका ५ : गाउँपालिकामा भएका स्वास्थ्य संस्थाहरुको विवरण ...... २०

तालीका ६ : सेवा प्रदायक संस्थाहरुको विश्लेषण ...... २१

तालीका ७ : अनुकूलन योजना तयारी गोष्ठीका सहभागीहरुको शारांस ...... २६

तालीका ८ : पुनरावलोकन गोष्ठी तथा लक्षीत वर्ग छलफलको सहभागी विवरण ...... २६

तालीका ९ : प्रकोपको ऐतिहासिक समयरेखा ...... २७

तालीका १० : बाली पात्रो ...... ३१

तालीका ११ : परिवर्तीत प्रकोप तथा मौसमी पात्रो ...... ३१

तालीका १२ : प्रकोप प्राथमिकिकरण ...... ४०

तालीका १३ : वडागत प्रकोपको मान ...... ४१

तालीका १४ : जोखिमको रुपरेखा ...... ४२

तालीका १५ : जलवायु परिवर्तनबाट प्रभावित समुह, लिंग तथा समूदाय पहिचान ...... ४३

तालीका १६ : यौन तथा प्रजनन् स्वास्थ्यमा जलवायु परिवर्तनले पर्ने असरहरु ...... ४६

तालीका १७ : कार्यबोझ विश्लेषण ...... ५०

तालीका १८ : संकटासन्नताका कारण तथा सुचकहरु ...... ५१

तालीका १९ : प्रकोपको वडागत सूचङाक ...... ५२

तालीका २० : सम्मूखताको वडागत मापन ...... ५३

तालीका २१ : संवेदनशीलताको वडागत मान ...... ५३

तालीका २२ : अनुकूलन क्षमताको वडागत मान ...... ५४

तालीका २३ : प्रकोप, सम्मूखता, संवेदनशीलता, अनूकुलन क्षमता, संकटासन्नता तथा जोखिमको आधारमा वडा स्तरीकरण ...... ५५

तालीका २४ : गाउँपालिकामा अवस्थीत जोखिम वस्ती र जोखिमको काराण ...... ५६

तालीका २५ : बाँफिकोट गाउंपालिकाको धरधूरीहरुको सहभागितामूलक सम्पन्नता स्तरीकर०ा ...... ५६

तालीका २६ : जीविकोपार्जनका स्रोतहरु माथिको प्रभाव विश्लेषण ...... ५७

तालीका २७ : विषयगत क्षेत्रमा पारेको प्रभाव ...... ५८

तालीका २८ : जोखिमको अवस्था र प्रभाव मूल्यांकन ...... ६२

तालीका २९ : बांफिकोट गाउँपालिकाको अनुकूलनका योजनाहरु (२०८२-२०८३ देखि २०८६-२०८७ सम्म) ६८

तालीका ३० : योजना तर्जुमा प्रक्रियाको समयमा समायोजन गर्नुपर्ने ७४

तालीका ३१ : अनूगमन तथा मुल्याङ्कन योजना ७७

तालीका ३२ : अनूगमन चेकलिष्ट ७८

तालीका ३३ : मूल्याङ्गन चेकलिष्ट ७८

चित्रहरुको सूची

चित्र १ : गाउँपालिकाको भौगोलीक उपस्थीतीको नक्सा १४

चित्र २ : गाउँपालिकाको भिरालोपनको वर्गीकरण नक्सा १५

चित्र ३ : गाउँपालिकाको जनघत्वको नक्सा १६

चित्र द्ध : गाउंपालिकाको जन३त्व नक्सा १६

चित्र ५ : भुउपयोगको वर्तमान नक्सा १९

चित्र ६ : लापा खाकाको समग्र प्रक्रिया २४

चित्र ७ : स्थानीय अनुकूलन कार्ययोजना विधि प्रक्रिया २५

चित्र ८ : वर्षा तथा तापक्रमको औसत मासिक प्रवृत्ति ३४

चित्र ९ : तापक्रमको प्रवृत्ति ३५

चित्र १० : वर्षाको प्रवृत्ति ३६

चित्र ११ : सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन ३७

चित्र १२ : बाँफिकोट गाउँपालिका पहिरो जोखिम नक्सा ३८

चित्र १३ : बाँफिकोट गाउँपालिका बाढी जोखिम नक्सा ३९

चित्र १४ : बाँफिकोट गाउँपालिका आगलागी जोखिम नक्सा ४०

# स्थानीय अनुकूलन कार्ययोजनाको सारांश

जलवायु परिवर्तन र यसका प्रतिकुल प्रभावहरु समग्र विश्वकै लागि साझा चुनौतिका रुपमा अगाडि आइरहेको वर्तमान परिप्रेक्ष्यमा पश्चिम रुकुम जिल्लाको बाँफिकोट गाउँपालिकाले पनि यसबाट श्रृजित तथा भविष्यमा श्रृजना हुन सक्ने प्रतिकुल प्रभावहरुसँग अनुकूलित हुने क्षमताको अभिवृद्धि गर्न परीमार्जीत स्थानीय अनुकूलन योजनाको कार्यढाँचा २०७६ ले निर्दिष्ट गरेका विधि, प्रक्रिया र चरणहरुलाई अवलम्बन गरी बहुसरोकारवाला निकायहरु जस्तै गाउँपालिकाका जनप्रतिनिधिहरु, विषयगत शाखा प्रमुख, स्थानीय गैरसरकारी संघसंस्थाहरुको प्रतिनिधि, जलवायु परिवर्तन क्षेत्रमा कार्यरत संघसंस्थाहरु, महिला तथा अन्य सरोकारवाला निकायहरुको सक्रिय सहभागीतामा वडा स्तरवाट पहिचान भएको प्रकोप तथा अनुकूलनका प्रयासहरुलाई समेत समावेश गरी आ. व २०८१/८२ देखि ०८६/८७ सम्मका लागि स्थानीय अनुकूलन कार्ययोजना तयार गरेको छ । यस कार्ययोजनाको सारांश तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| शिर्षक | विवरण | | | |
|---|---|---|---|---|
| नगरपालिक को सिमाना | बाँफिकोट गाउँपालिका, पश्चिम रुकुम | | | |
| | **उत्तर:** आठविसकोट नगरपालिका | | | |
| | **पश्चिम:** सानोभेरी गाउँपालिका | | **पूर्व:** सिस्ने गाउँपालिका | |
| | **दक्षिण:** मुसीकोट नगरपालिका | | | |
| क्षेत्रफल | वर्ग किलोमिटर | | | |
| जनसंख्या | महिला | पुरुष | जम्मा जनसंख्या | जम्मा घरधुरी |
| | १०,१७४ | १०,८५९ | २१,०३३ | ४,६०७ |
| | **श्रोत: राष्ट्रिय** जनगणना २०७८ | | | |
| जातजाती | क्षेत्री, ब्राहमण, मगर, ब्राहमण, बिश्वकर्मा, ठकुरी | | | |
| प्रमुख पेशा तथा जीविकोपार्जनका आधार | कृषि, ब्यपार, पशुपालन र वैदेशिक राजगार | | | |
| हावापानी | समशितोष्ण हावापानी | | | |
| मुख्य प्रकोप तथा विपद्हरु | क्रमस चट्याङ, पहिरो, आगलागी, वाली रोग, महामारी, जमिन भासिने, बाढी, खडेरी, वनमा रोग | | | |
| संकटासन्न वडाहरु | **अती उच्च जोखिमका वडा हरु** | **उच्च जोखिमका वडा हरु** | **मध्यम जोखिमका वडाहरु** | **न्युन जोखिमका वडाहरु** |
| | **पहिलो** वडा नं. १, **दोश्रो** वडा नं. २, **तेश्रो** वडा नं ७. | **चौथो** वडा नं. ९ र **पाँचौं** वडा नं. ५ | **छैठौं** वडा नं.८ र **सातौं** वडा नं.१० | **आठौ** वडा नं.,४ **नवौं** वडा नं.,६ **दशौं** वडा नं. ३ |
| योजनाको परिकल्पना | गाउँपालिकाको संकटासन्न तथा जोखिमका परेका व्यक्ति, समुदाय तथा स्वास्थ्य संस्थाको अनुकूलन क्षमता अभिवृद्धि भै प्रकोप/विपद् तथा जलवायु परिवर्तनको नकरात्मक असर न्यून भएको हुनेछ । | | | |
| आशातित उपलब्धी | विपद तथा जलवायु परिवर्तनलाई विकासका क्रियाकलापहरुमा मुलप्रवाहीकरण गरी विपद न्युनीकरण र जलवायु परिवर्तन सँग अनुकुलीत हुँदै तनाव रहीत एक उत्थानशिल गाउँको रुपमा परिचित हुने आशा राखिएको छ । | | | |
| अनुमानीत जम्मा बजेट | रु.५३,३९,५०,००० | | | |
| मुख्य भूमिका/सहयोग गर्न सक्ने निकायहरु | गाउँपालिका, वडा कार्यालय, जि.स.स, पशुपंक्षि विकास शाखा, स्वास्थ्य चौकी, विषयगत कृषि शाखा, कृषक समुह, सामुदायिक वन उपभोक्ता समुह, सहकारी संस्था, प्रहरी चौकी, बजार व्यवस्थापन समिति, जिल्ला उद्योग वाणिज्य संघ, गैर सरकारी संस्थाहरु, जिल्ला स्वास्थ्य कार्यलय, सिंचाई डिभिजन कार्यालय, डिभिजन तथा सव डिभिजन वन कार्यालय, बैंक तथा वित्तीय संस्थाहरु, सहकारी संस्थाहरु, युवा क्लबहरु, महिला समुह, आमा समुह, जील्ला खानेपानी कार्यालय | | | |
| क्षमता विकास | विभिन्न तह जस्तै गाउँपालिका, वडा कार्यालय र वस्तीमा जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा अभिमुखीकरण तालिमहरुको साथै विभिन्न विषयगत क्षेत्रहरु कृषि, पशुपालन, वन तथा जैविक विविधता, उर्जा, जनस्वास्थ्य, भौतिक पूर्वाधारमा जलवायु परिवर्तन अनुकूलित प्रविधिहरु सम्बन्धी | | | |

| | |
|---|---|
| | कार्यान्वयनकर्ता, व्यवस्थापक, अनुगमनकर्ताहरुको क्षमता विकासका क्रियाकलापहरु संचालन तथा जनशक्ति विकास कार्य गरिने छ । |
| लैंगिक तथा सामाजिक समावेशकिरण | प्राकृतिक तथा मानव सिर्जित विपद्‌ले गर्दा मानविय तथा पारिस्थितिकीय प्रणालीमा देखिएको नकारात्मक असरहरुलाई सम्बोधन गर्नको लागि तर्जुमा गरिएको स्थानीय अनुकूलन कार्ययोजना निर्माण प्रकिया तथा कार्यान्वयनमा गर्भवती महिला, २ वर्षमुनीको बालवालिका, विपन्न वर्ग, दलित, महिला, तथा पछाडि पारिएका वर्गहरुको पहुंचको सुनश्चित्‌ता लगायत लैङ्गिक समानता, सामाजिक समावेशिता, र सुशासनलाई मुख्य सवालको रुपमा लिई यस अवधारणालाई सम्बन्धित क्रियाकलापहरुमा समायोजन गरिएको छ । |
| योजनाको समायोजन | तयार गरिएको स्थानीय अनुकूलन योजनालाई दिगो र संस्थागत रुपमा कार्यान्वयन गर्नको लागि गाउँपालिका स्तरमा तयार हुँदै गएको आवधिक योजनामा र आगामी वर्ष देखि राष्ट्रिय योजना तर्जुमा प्रक्रिया अनुसार समायोजन गरिने छ र अन्य सरकारी तथा गैर सरकारी निकायको वार्षिक योजनामा समेत समावेश गराउनको लागि पैरवी गरिनेछ । |
| कार्यान्वयन | गाउँपालिका तथा वडा कार्यालयको नेतृत्वमा विषयगत कार्यालय र स्थानीय सेवाप्रदायक संघसंस्थाको सहकार्यमा कार्यान्वयन गर्नुपर्ने छ । |
| अनुगमन तथा मुल्याङ्कन | कार्यक्रमको अनुगमन तथा मुल्यांकन जिल्ला तह, गाउँपालीका, वडा कार्यालय र समुदाय तहबाट गरिने छ । |

उक्त परिकल्पना पूरा गर्नको लागि स्थानीय अनुकूलन कार्ययोजना र विषयगत योजनाको गरी जम्मा **रु. ५३,३९,५०,०००/-** बराबरको विस्तृत कार्ययोजना तयार गरिएको छ । योजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्यांकन एवं क्षमता विकासका कार्यक्रमहरु समेत यस योजनामा समावेश गरिएका छन्‌ । यस योजनाले लैंगिक तथा सामाजिक समावेशीकरणको पक्षलाई अभिन्न अंगको रुपमा अंगिकार गरेको छ । त्यसैगरी यस योजनालाई वडा, गाउँपालिका तथा अन्य सम्बद्ध निकायहरुको वार्षिक तथा आवधिक योजनाहरुमा एकिकृत गरी कार्यान्वयन गर्न विशेष जोड दिईएको छ ।

# परिच्छेद १: पृष्ठभुमि

## १.१ स्थानीय अनुकूलन कार्ययोजनाको परिचय तथा औचित्य

जलवायु परिवर्तन प्राकृतिक प्रक्रिया हो तर बढ्दो औद्योगिकिकरण, वन विनाश, अव्यवस्थित शहरीकरण, सवारी साधनको बढ्दो प्रयोग, हरितगृह ग्याँसहरुको अत्यधिक उत्सर्जन आदि जस्ता विभिन्न मानवीय क्रियाकलापहरुका कारणले गर्दा यसको नियमित प्रक्रियामा तिव्रता आएको तथ्य वैज्ञानिक रुपमा पुष्टि भईसकेको छ । यसले गर्दा क्रमश: तापक्रम र वर्षाको प्रकृति तथा प्रवृत्ति (अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि) मा परिवर्तन भईरहेको सबैले महशुस गरिरहेका छन् । समयमा पानी नपर्ने, गर्मी बढ्ने, पानीको मुलहरुमा पानीको मात्रा कम हुँदै जाने वा सुक्ने, बाढी/पहिरो आउने जस्ता प्रकोपहरु हरेक वर्ष बढ्दै जाने र पछिल्लो समयमा जलवायु परिर्वतन बाहेकका विश्व महामारीहरुको पनि संकट उत्तिकै मात्रामा रहेको छ । जलवायु परिवर्तन सम्बन्धि अन्तर्राष्ट्रिय प्यानल (IPCC) को छैटौं संस्करणको प्रतिवेदन अनुसार मानव सृजित हरितगृह ग्याँसले गर्दा पृथ्वी तात्दै गएको र यसले गर्दा मौसम तथा जलवायुका सूचकहरुमा उल्लेख्यि परिवर्तन आएको कुरा प्रमाणित भएको छ । त्यसै गरी विश्वव्यापी उष्णता औद्योगिकरण समय पूर्व भन्दा सन् २०३० देखि २०५२ को बिचमा १.५ डिग्री सेल्सियसले बढ्ने प्रक्षेपण गरिएको छ । दक्षिण एशियामा मनसुनमा हुने वर्षा सन् २०४१ साल पछि बढ्ने र जसले गर्दा बाढीका घटना बढ्ने प्रक्षेपण गरिएको छ । यसर्थ अहिले जलवायु परिवर्तन संसारकै प्रमुख समस्याको विषय बनेको छ । अझ प्राकृतिक श्रोत माथि निर्भर रहने हाम्रो जस्तो कम विकसित गरीव राष्ट्रहरुमा त यो झन ठूलो समस्याको रुपमा देखा पर्न थालेको छ ।

विश्वव्यापी उष्णीकरण सँगै नेपालको सबै क्षेत्रमा तापकम वृद्दि भएको पाइएको छ । जल तथा मौसम विभागको सन् २०१७ को प्रतिवेदन अनुसार नेपालमा १९७४ देखि २०१४ सम्ममा अधिकतम तापमानमा प्रत्येक वर्ष ०.०५६ डिग्री सेल्सियसको दरले वृद्दि भएको छ भने न्युनतम तापकममा ०.००२ डिग्री सेल्सियसको दरले वृद्दि भएको पाइएको छ । नेपालको उच्च हिमाली क्षेत्रमा सबैभन्दा उच्च दरले तापकम वृद्दि भएको छ जस अनुसार मनाङ जिल्लामा अधिकतम तापकम ०.१२ डिग्री सेल्सियससम्म प्रति वर्ष सम्म वृद्दि भएको छ । त्यसै गरी वर्षाको स्वरुपमा पनि विभिन्न ऋृतुमा मौसममा फरक फरक तरिकाले परिवर्तन भइईराखेको छ । उत्तर पश्चिम क्षेत्रका जिल्लाहरुमा पानी पर्ने दिनहरुको संख्यामा वृद्दि तथा वर्षाका चरम घटना ठाउँ अनुसार विविध तरिकाले परिवर्तन आएको छ । वन तथा वातावरण मन्त्रालयको २०१९ को प्रतिवेदन[1] अनुसार सन २०४५ सम्म औसत तापकम ०.९२ देखि १.०७ डिग्री सेल्सियसको दरले र सन् २१०० सम्म १.७२ देखि १.८२ डिग्री सेल्सियसले वृद्दि हुने प्रक्षेपण गरिएको छ ।

जलवायु परिवर्तनको प्रभावबाट धनी र विकसित राष्ट्रहरुको तुलनामा गरिब र विकासोन्मुख राष्ट्रहरु बढी प्रभावित भएका देखिन्छन् । नेपालको हरितगृह ग्याँस उत्सर्जनमा न्यून योगदान (०.००२७५) भएतापनि जलवायु परिवर्तनको असर तथा प्रभावहरु उल्लेख्य मात्रामा भएको पाइन्छ (MOFE, २०२१) । ग्लोबल रिस्क ईन्डेक्स्, २०२१ ले सन् २०००-२०१९ सम्मको तथ्यांक विश्लेषणका आधारमा नेपाल जलवायु परिवर्तनको जोखिमका हिसाबले विश्वको १० औं स्थानमा रहेको छ भने Eckstein et al., 2021 का अनुसार जलवायु परिवर्तनका हिसाबले नेपाल अति संवेदनशील रहेको पाइन्छ । वन तथा वातावरण मन्त्रालयले सन् १९७१-२०१९ सम्मका घटनाहरुलाई विश्लेषण गरी गरेको अध्ययन अनुसार जलवायुजन्य विपदका कारणबाट प्रति वर्ष ६ सय ४७ जनाको मृत्यु हुने गरेको पाइन्छ (MOFE, २०२१ आ) ।

त्यस्तै स्वच्छ हावा, सुरक्षित पिउने पानी, पर्याप्त खाना र सुरक्षित आश्रय जस्ता स्वास्थ्यका सामाजिक र वातावरणीय निर्धारकहरूलाई जलवायु परिवर्तनले असर गर्छ । सन् २०३० र २०५० को बीचमा, जलवायु परिवर्तनका कारणले निम्त्याउने कुपोषण, मलेरिया, पखाला र गर्मीबाट प्रति वर्ष लगभग २,५०,००० थप मृत्यु हुने अपेक्षा गरिएको छ (विश्व स्वास्थ्य संगठन २०२२) । सन् २०३० सम्मको अवधिमा स्वास्थ्यमा प्रत्यक्ष क्षतिको लागत (कृषि र पानी र सरसफाई जस्ता स्वास्थ्य निर्धारण क्षेत्रहरूमा लागतहरू बाहेक) २-४ बिलियन अमेरिकि डलर प्रति वर्षको बीचमा हुने अनुमान

[1] Vulnerability and Risk Assessment and Identifying Adaptation Options, MoFE, 2021

गरिएको छ । कमजोर स्वास्थ्य पूर्वाधार भएका विकासोन्मुख देशहरू पुर्वतयारी र प्रतिकार्यको लागि सहायता बिना जलवायुजन्य जोखिम सामना गर्न नसक्ने अवस्थामा रहेका छन् । राम्रो यातायात, खाना र ऊर्जा उपयोग विकल्पहरू मार्फत हरितगृह ग्याँसहरूको उत्सर्जन कम गर्नाले स्वास्थ्यमा सुधार ल्याउन सकिन्छ ।

जलवायु परिवर्तनका कारणले खासगरी महिलाहरु लु, अतिवृष्टी, अनावृष्टी, पानीबाट सर्ने रोगहरु, प्रदुषित हावा तथा पानी, खाद्य असुरक्षा आदिले बढी प्रभाव परेको तथ्यहरु आएका छन् (Sorensen et al., 2018) । बढ्दो जलवायु परिवर्तनका असरका कारणले खासगरी नेपाल जस्ता विकान्सोमुख देशहरुमा लैंगिक विभेद तथा हिंसा बढने देखिन्छ (Poudel et al., 2022) । त्यसै गरी जलवायुजन्य जोखिम जस्तै बाढी, पहिरो, खडेरी, लुका कारणले महिलाहरुको प्रजनन स्वास्थ्य सम्बन्धि अधिकारहरु पनि जोखिममा परिरहेको विभिन्न अध्ययनहरुले देखाएको छ । नेपालका विभिन्न क्षेत्रमा स्वास्थ्य सम्बन्धि सेवा लिन स्थानीय स्वास्थ्य चौकीहरुको प्रयोग गर्ने चलन भए पनि जनताले आवश्यकता अनुसारको सुविधा लिन सकेका छैनन् । नेपालको सन्दर्भमा अहिलेसम्म जलवायु परिवर्तन र प्रजनन स्वास्थ्य अन्तरसम्बन्ध सम्बन्धि अध्ययन न्यून रहेको छ । यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धि सेवा सुविधाहरु प्रयाप्त नभएको र जनताले समस्या भ्लेल्नुपर्ने बाध्यताका कारण जलवायुजन्य प्रकोपहरुले अझ जोखिम बढ्ने देखिन्छ ।

कर्णाली प्रदेश  वन तथा वातावरण मन्त्रालयको प्रतिवेदन अनुसार कर्णाली प्रदेशका सबै भन्दा संकटासन्न प्रदेश हो र यहाँका मुख्य जोखिहरु पहिरो, हिमपात, avalanches, खडेरी, महामारी हुन् । सोहि प्रतीवेदन अनुसार संकटासन्नको हिसाबले रुकुम पश्चिम जिल्ला उच्च जोखिममा पर्दछ । त्यस्तै उक्त प्रतिवेदन अनुसार बाँफिकोट गाउँपालिका मध्यम जोखिममा रहेको छ भने सम्मुखता, संवेदनशिलता, अनुकूलन क्षमता र संकटासन्नता क्रमश ०.३२४, ०.४४३, ०.५२४ र ०.५६९ रहेको छ ।

यही अवस्थालाई ध्यानमा राखी यस बाँफिकोट गाउँपालिकाको स्थानीय अनुकूलन कार्ययोजना तयार गरीएको हो । सोही सन्दर्भमा बाँफिकोट गाउँपालिकामा केन्द्रित नेपाल जलवायु परिर्वतन सहयोग कार्यक्रम दोस्रो चरणको मापदण्ड अनुसार दिब्या नेपाल प्रा.लि.को सहजीकरणमा बाँफिकोट गाउँपालिका रुकुम पश्चिममा नेपाल सरकार वन तथा वातावरण मन्त्रालयवाट तयारी स्थानीय अनुकुलन योजना तयारी खाका २०७६ अनुसार नेपाल सरकार वन तथा वातावरण मन्त्रालयद्धारा कार्यन्वयनमा रहेको नेपाल जलवायु परिर्वतन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८ स्थानीय तह र प्रदेश तहको मार्गदर्शनका प्रावधानहरुलाई अवलम्बन गरी निर्वाचित जन प्रतिनिधिहरु, वडा सचिव, साबिक वडाका अगुवाहरु, बुद्धिजीबीहरु, प्रतिनिधीहरु , शिक्षक, समाजसेवी, स्थानिय राजनैतिक दलका प्रतिनिधिहरु, स्थानिय विषयगत कार्यालयहरुका प्रतिनिधीहरु, महिला, दलित, जनजाति तथा पछाडी परेका वर्ग लगायत अन्य बुद्धिजीविहरुको सहभागितामा यस स्थानीय अनुकूलन कार्ययोजना तयार गरिएको छ । यस योजना तयारीको लागि पहिलो चरणमा गाउँ कार्यपालिकासँग समुदाय तथा वडा स्तरमा गरिने काम तथा प्रक्रियाको लागि पुर्व योजना गरी १० वटै वडाहरुमा जलवायु परिवर्तन सम्बन्धी सचेतना गोष्ठी संचालन गरी जलवायु परिवर्तन संवेदनशिल सहभागितामूलक सम्पन्नता स्तरिकरण विधिको प्रयोग गरी संकटासन्नताको विश्लेषण तथा अनुकूलनका कार्यहरु वस्तिगत रुपमा पहिचान गरिएको थियो । यसरी नै वस्ती स्तरमा संकटासन्न घरधुरीहरुको स्तरीकरण समेत सम्पन्न गरी सबै वस्तीका प्रतिनिधीहरुको समेत सहभागितामा विभिन्न विधिहरुको प्रयोग गरी बाँफिकोट गाउँपालिका स्तरीय स्थानीय अनुकुलन योजना तर्जुमा गरिएको थियो । वडा प्रतिनिधिहिरु, वन उपभोक्ता समूहका प्रतिनिधी, विभिन्न संघ/संस्थाका प्रतिनिधि, विषयगत कार्यालयका प्रतिनिधि र राजनैतिक दलहरुका प्रतिनिधिहरुको सहभागितामा २०८० साल ज्येष्ठ १ देखि सुरु गरी संचालित विभिन्न चरणको अनुकूलन कार्ययोजना तर्जुमा गोष्ठीहरुबाट स्थानीय अनुकूलन कार्ययोजना आगामी ५ वर्ष सम्म कार्यन्वयन हुने गरी तयार गरिएको हो ।

यस योजनलाई अद्यावदिक गर्नुपर्ने भएकाले र पुन गाउँपालिकाको सहमतीमा यस योजनाले समेट्न नसकेको सवाल जस्तै लैङ्गिकता, महिला, यौन तथा प्रजनन स्वास्थ्यको मुद्दालाई समावेश गरिएर Ipas Nepal को प्राविधिक तथा आर्थिक सहयोगमा २०८१ असोज १६ गते पालिका तहको पुनरावलोकन गोष्ठी, मिति २०८१/१०/२१ देखि २०८१/१०/२८ गते विभिन्न संकटासन्न समुदायमा महिला, वृद्धवृद्धा, महिला सामुदायीक स्वास्थ्य स्वयमसेविका, मृश्रित समुहसँग ७ वटा लक्षित सुह छलपल्क र पृष्ठपोषण गोष्ठी र वैशाष ३०, २०८२ गते गरिएको हो ।

**नीतिगत व्यवस्था**

जलवायु परिवर्तनको कारणबाट श्रृजित समस्याहरुको सामना गर्न नेपाल सरकारले जलवायु परिवर्तन राष्ट्रिय अनुकूलन कार्यक्रम (NAPA) २०६७, जलवायु परिवर्तन नीति २०६७ र स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना (National Framework on LAPA) २०६७ का साथसाथै विभिन्न स्थानीय अनुकूलन कार्ययोजनाहरु (LAPAs) समेत तयार गरी सफलतापूर्वक कार्यान्वयन गर्दै आएको छ । सँगसँगै जलवायु परिवर्तन अनुकूलन सम्बन्धी आवश्यकताहरू पहिचान तथा प्राथमिकीकरण गर्ने र सोही आधारमा मध्यकालीन (सन् २०३० सम्म) र दिर्घकालीन (सन् २०५० सम्म) समयका लागि वन तथा वातावरण मन्त्रालयको समन्वयमा राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan–NAP) तथा दोस्रो राष्ट्रिय निर्धारीत योगदान (Nationally Determined Contribution) तयार भएको छ र २०२५ देखि २०३५ को लागी NDC 3.0 तयार भएको छ । यस्ता योजनाहरु संसार भरि नै लागु भैरहेका छन् जसले जलवायु परिवर्तनका नकारात्मक असरहरु न्यूनीकरण गर्न अत्यन्त सहयोगी भैरहेको छ (NAP Global Network & Women Deliver, 2020) । विगतका अनुभव, अन्तराष्ट्रिय सन्दर्भ र नेपालमा भएको राज्य पूर्नसंरचना अनुकूल हुने गरी नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, वातावरण संरक्षण ऐन २०७६ र जलवायु नीति २०७६, जारी गरिसकेको छ भने स्थानीय स्तरमा विकास निर्माणको समग्र प्रक्रियामा जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नुपर्दछ भन्ने सैद्धान्तिक अवधारणामा आधारित रही परीमार्जीत स्थानीय अनुकूलन योजनाको राष्ट्रिय संरचना (Revised LAPA Framework), २०७६ पारीत भैसकेको छ । यो परिमार्जित LAPA ले स्थानीय सरकारहरूलाई स्थानीय स्तरमा जलवायु परिवर्तनका असरहरु व्यवस्थापन गर्न र दीर्घकालिन जलवायुमैत्री विकासका योजनाहरु पहिचान तथा कार्यान्वयन गर्न सहयोग गर्नेछ । यसले स्थानीय स्तरमा विभिन्न सरोकारवालाहरु बीच नियमित सहकार्य तथा सम्वाद मार्फत् स्थानीय क्रियाकलापहरूको कार्यान्वयनमा सहमति निर्माण गरी जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र दिगो विकाससँग सम्बन्धित अन्तरराष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन गर्न समेत मद्दत गर्नेछ । त्यसैगरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जलवायु परिवर्तनसँग जुध्न स्वास्थ्य क्षेत्रको लागि रणनीति तथा कार्ययोजना (२०१६-२०२१) निर्माण गरी कार्यन्वयन पनि गरीसकेको छ र दोस्रो कार्ययोजना (२०२३– २०३०) तयारी भइसकेको छ ।

यसै सन्दर्भमा आइपास नेपालले बाँफिकोट गाउँपालिकामा जलवायु उत्थानशील स्वास्थय प्रणाली निर्माण गर्न जलवायु अनुकूलन कार्ययोजना तयार गरि प्रजनन तथा यौन स्वास्थ्य तथा अधिकारका कार्यकमलाई स्थानीय योजनामा मुलप्रवाहीकरण गर्न विशेष सहयोग हुनेछ ।

## १.२ स्थानीय अनुकूलन कार्ययोजनाको लक्ष्य, मान्यता एवं सिद्धान्तहरु

यस स्थानीय अनुकूलन कार्ययोजनाको लक्ष्य बाँफिकोट गाउँपालिकाका स्थानीय समुदायको जलवायु परिवर्तन अनुकूलन क्षमता अभिवृद्धि गरी उनीहरुको जिविकोपार्जनमा सुधार ल्याउनु रहेको छ भने यस योजनाको उद्देश्यहरु निम्नानुसार रहेका छन् :

- स्थानीय समुदायलाई जलवायु परिवर्तन, यसको कारण, यसले समुदायमा पार्ने असर र यससँग जुध्नलाई अपनाउनु पर्ने अनुकूलनका उपायहरु बारे सुसूचित गर्नु,
- जलवायु परिवर्तन सङ्कटासन्न वडा, टोल, वस्ती तथा समुदाय र तिनका अनुकूलन चुनौती तथा अवसरहरु पहिचान गर्नु,
- स्थानीय स्तरमा गरिने विकासका पुर्वाधारहरुका साथै शिक्षा, स्वास्थ्य, खानेपानी र स्थानीय प्रविधिलाई जलवायु उत्थानशील बनाउन,
- स्थानीय समुदायलाई आफैले आफ्ना आवश्यकताहरु पहिचान गरी सोही अनुरुपका अनुकूलनका उपायहरूको पहिचान तथा प्राथमिकीकरण गर्न सक्षम बनाउनु,
- यस कार्ययोजनालाई स्थानीय तथा राष्ट्रिय स्तरका नियमित योजना निर्माणका प्रक्रियामा समायोजन गर्नु,

- सेवा प्रदायक निकायले समय मै प्रभावकारी ढंङ्गले स्रोत परिचालन गरी अनुकूलन कार्य क्रमबद्ध रूपमा अपनाई कार्यान्वयन गर्न सहयोग गर्नु,

- कार्ययोजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्दै कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु ।

यस स्थानीय अनुकूलन कार्ययोजना मुख्य रुपमा सहभागितात्मक ग्रामिण लेखाजोखाबाट गरिएको बस्ती तथा घरधुरीहरुको संकटासन्नता विश्लेषण र विद्यमान परिवेशमा आधारित रहेको छ । बाँफिकोट गाउँपालिका रुकुम पश्चिम जलवायु परिवर्तनसँग संवेदनशील रहेको र ग्रामीण जीविकोपार्जन कृषि तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलश्रोत तथा उर्जा, जलवायुजन्य प्रकोप र ग्रामीण पूर्वाधार, जनस्वास्थ्य जस्ता क्षेत्रहरुमा आधारित रहेको कारण यस कार्ययोजनाले समग्र वडा तथा वडामा रहेका वस्ति तथा घरधुरीहरुको संकटासन्नताको विश्लेषण गरी संकटासन्न क्षेत्रहरु एवं वर्गहरुको अनुकूलन क्षमता अभिवृद्धि गर्न विशेष जोड दिएको छ । यस कार्ययोजनामा जलवायु परिवर्तनबाट श्रृजित प्रकोप तथा जोखिमहरुबाट प्रमुख रुपमा प्रभावित हुने सामाजिक समूहहरु विशेष गरी महिला, बालबालिका तथा वृद्ध-वृद्धाहरुमा पर्ने असर तथा प्रभावहरु विश्लेषण गर्दै जलवायु उत्थानशीलता सम्बन्धी कार्यक्रमहरु राखिएका छन् ।

यसरी नै संकटासन्न क्षेत्र र घरधुरीहरुलाई अति आवश्यक र तत्कालै कार्यान्वयन गर्नु पर्ने अनुकूलनका कार्यहरुलाई उच्च प्राथमिकतामा राखी उनीहरुलाई लक्षित हुने र थप रोजगारीको सृजना गर्ने कार्यक्रमहरु समावेश गरिएको छन् । यसका साथै लैगिंक तथा सामाजिक समावेशीकरणका मुद्दाहरुलाई विशेष ध्यान दिई कार्यान्वयन गर्न र महिलाहरुको कार्यबोझलाई न्यून गर्न र महिलाहरुको स्वास्थ्य सुधारमा सहयोग पुग्ने विभिन्न प्रविधिहरु उच्च प्राथमिकतामा राखिएको छन् । यसका अतिरिक्त उद्योग, ग्रामीण र शहरी विकास, साँस्कृतिक सम्पदा, यातायात, स्थानीय विपद् तथा जोखिम व्यवस्थापन योजनालाई पनि परिपूरक हुने अनुकूलनका कार्यहरु पनि योजनामा रहेका छन् ।

# परिच्छेद २: गाउँपालिकाको पृष्ठभुमी

## २.१ गाउँपालिकाको भौगोलिक अवस्थिती र भूवनोट

नेपालको संविधान २०७२ को धारा १९५(३) बमोजिम गठित कर्णाली प्रदेश रुकुम पश्चिम जिल्लामा पर्ने बाँफिकोट गाउँपालिका झुला, बाँफिकोट, पिपल, दुली (वडा नं ४, ५ र ६), मग्मा (१-६ र ९) गरी १० वटा वडाहरुमा विभाजन गरिएको छ । पुर्व : सिस्ने गाउँपालिका (रुकुम पुर्व), उत्तर : आठविसकोट नगरपालिका, दक्षिण : मुसीकोट नगरपालिका र पश्चिमः सानीभेरी गाउँपालिकाको चारकिल्लाको बिचमा पर्ने बाँफिकोट गाउँपालिकाको क्षेत्रफल १९०.४३ वर्ग किलोमिटर रहेको छ । गाउँपालिकाको केन्द्र वडा नं ४ मा अवस्थित रहेको छ र पालिकाको अधिकांश भु-भागहरु सानीभेरी नदीको किनारमा रहेका छ । बाँफिकोट गाउँपालिकाको मुख्य पर्यटकीय क्षेत्र स्र्याप‌ु ताल रहेको छ । **(स्रोत:** banphikotmun.gov.np)




चित्र १ : गाउँपालिकाको भौगोलीक उपस्थीतीको नक्सा




चित्र २ : गाउँपालिकाको भिरालोपनको वर्गीकरण नक्सा

## २.२ गाउँपालिकाको जनसांख्यिक विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको जम्मा जनसंख्या २१,०३३ रहेको छ जसमा पुरुषको जनसंख्या १०,१७४ रहेको छ भने महिलाको जनसंख्या १०,८५९ रहेको छ । यस गाउँपालिकामा जम्मा ४६०७ घरधुरीहरु रहेका छन् ।

तालीका १ : वडागत रुपमा जनसंख्या तथा घरधूरीको विवरण

| वडा नं | वडागत घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला | औषत घरधुरी आकार | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| 1 | 321 | 1537 | 739 | 798 | 4=79 | 92=61 |
| 2 | 796 | 3306 | 1574 | 1732 | 4=15 | 90=88 |
| 3 | 444 | 1782 | 832 | 950 | 4=01 | 87=58 |
| 4 | 577 | 2274 | 1086 | 1188 | 3=94 | 91=41 |
| 5 | 354 | 1803 | 889 | 914 | 5=09 | 97=26 |
| 6 | 462 | 2298 | 1115 | 1183 | 4=97 | 94=25 |
| 7 | 541 | 2946 | 1478 | 1468 | 5=45 | 100=68 |
| 8 | 310 | 1580 | 764 | 816 | 5=10 | 93=63 |

| वडा नं | वडागत घरधुरी | जम्मा जनसंख्या | पुरुष | महिला | औषत घरधुरी आकार | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|
| 9 | 444 | 1895 | 903 | 992 | 4=27 | 91=03 |
| 10 | 358 | 1612 | 794 | 818 | 4=50 | 97=07 |
| **जम्मा** | 4607 | 21033 | 10174 | 10859 | 4=57 | 93=69 |




चित्र ३ : गाउँपालिकाको जनघत्वको नक्सा

## २.३ सामाजीक सांस्कृतिक विशेषताहरु

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा मुख्य १० वटा जातजातीहरुलाई हेर्दा सबै भन्दा बढी क्षेत्री, ब्राहमण, मगर, बिश्वकर्मा, ठकुरी र अन्य जातिहरु कम संख्यामा रहेका छन् । गाउँपालिकामा भएका जातजातिको विवरण **तालिका २** मा देखाईएको छ ।

तालीका २ : बाँफिकोट गाउँपालिकाको जातिगत जनसंख्याको विवरण

| जातजाति | जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|
| क्षेत्री | 11612 | 5659 | 5953 |
| ब्राहमण | 1634 | 795 | 839 |
| मगर | 1996 | 952 | 1044 |
| विश्वकर्मा | 2344 | 1143 | 1201 |
| गुरुङ्ग | 47 | 23 | 24 |
| परियार | 926 | 423 | 503 |

| | | | |
|---|---|---|---|
| ठकुरी | 1787 | 849 | 938 |
| मिजार | 270 | 138 | 132 |
| सन्यासी | 218 | 103 | 115 |
| घर्ति भुजेल | 10 | 4 | 6 |
| सुनुवार | 139 | 60 | 79 |
| बादी | 24 | 11 | 13 |
| अन्य | 26 | 14 | 12 |
| जम्मा | 21033 | 10174 | 10859 |

साँस्कृतिक, ऐतिहाँसिक र धार्मिक पर्यटकीय सम्पदामा कोट, मेलगैरी, जिपु शहिद पार्क, कुनाखेत बह्म मन्दिर (मेला), लागिम मेला पर्दछन् । गाउँपालिकाको स्यार्पु दहमा हरेक वर्ष महोत्सब आयोजना हुने गर्दछ । यस गाउँपालिकाको वडा नं ३ मा रहेको स्यार्पु दह, सानीभेरी नदी, गुप्तीदह, स्यार्पु जलाशयको मुहानको छहरा, सिमैछरी, झारमारे लेक, भम्पुडाँडा, खामालेक, कालाखार, तासुकाँडा प्राकृतिक पर्यटकीय स्रोत हुन् । (स्रोतः सहभागितामुलक स्रोत विश्लेषण २०८०)

## २.४ आर्थिक कियाकलापको अवस्था

यस गाउँपालिकाको धेरैजसो जनसंख्या जीविकोपार्जनको लागि कृषि तथा पशुपालन, व्यापार व्यवसाय, नोकरी र मौषमी ज्याला मजदुरीमा आश्रित रहेका छन् । यहाँको आयआर्जनको प्रमुख श्रोत भनेको ज्याला मजदुरी तथा विभिन्न सार्वजनिक निर्माणका आयोजनाहरुमा काम गर्ने तथा व्यापार व्यवसाय गर्ने हो । गाउँपालिकाको पार्श्वचित्र, २०७५ अनुसार हरेक घरधुरीमा व्यवसायिक रुपमा नभई आफनो उपभोगको लागि पशुपालन गर्ने प्रचलन रहेको छ तथापी केही व्यक्तिहरुले फर्मको रुपमा पशुपालनतर्फ ब्यवसायिक रुपमा गाई, गोरु, भैसी, वाखा, वंगुर, लगायत स्थानिय र ब्रोईलर जातका कुखुरा तथा परेवाहरु पाल्ने गरिएको छ । यस गाउँपालिकामा मुख्य गरी अन्न वालीको रुपमा धान, मकै, गहुँ तथा कोदो उत्पादन गरिन्छ भने दलहन वाली तर्फ मास, बोडी, सिमी, मसुरो खेती गरिन्छ । साथै तेलहन वाली तर्फ तोरीको खेति गरिन्छ । तरकारी वाली तर्फ आलु, प्याज, काउली, भान्टा, बन्दा, गोलभेडा, रामतोरिया, साग उत्पादन गरिन्छ । फलफुल तर्फ केरा, आँप, सुन्तला, नास्पाती, कटहर, किबि, उत्पादन गरिन्छ भने अदुवा, वेसार, लसुन र खुर्सानी खेति पनि गरिन्छ । (स्रोतः जिविकोपार्जन विश्लेषण २०८०)

यस गाउँपालिकामा ० देखि १४ वर्ष सम्मको जनसंख्या ७,२३० रहेको छ भने १५ देखि ३९ वर्ष सम्मको जनसंख्या ९,७१९ रहेको छ, ४० देखि ५९ वर्ष सम्मको जनसंख्या ३,४०५ रहेको छ भने ६० वर्ष भन्दा माथिको जनसंख्या १,६४९ रहेको छ जुन आश्रित जनसंख्या हो भने आर्थिक रुपमा सक्रिय तथा आत्मनिर्भर हुने १५ देखि माथि ५९ वर्षसम्मको जनसंख्या ६० प्रतिशत रहेको छ जसको विवरण **तालिका ३** मा देखाईएको छ । गाउँपालिकाको जम्मा जनसंख्याको १९ प्रतिशत श्रम गर्न नसक्ने रहेको छ, ३ महिना सम्म काम पाउने जनसंख्या १८ प्रतिशत, कम्तीमा ३ र बढीमा ६ महिना सम्म काम पाउने जनसंख्या २५.७ प्रतिशत, काम गर्न सक्ने सक्रिय जनसंख्याको ५९ प्रतिशत, निष्क्रिय जनसंख्या ४०.२ र बेरोजगार ४.१ प्रतिशत रहेको छ ।

**तालीका ३ : आर्थिका रुपले सक्रिय र आश्रित जनसंख्याको विवरण**

| उमेर समुह | पुरुष | महिला | जम्मा जनसंख्या | प्रतिशत |
|---|---|---|---|---|
| ० देखि १४ | 3685 | 3545 | 7230 | 33 |
| १५ देखि ३९ | 4518 | 5201 | 9719 | 44 |
| ४० देखि ५९ | 1585 | 1820 | 3405 | 15 |
| ६० भन्दा माथि | 806 | 843 | 1649 | 7 |
| जम्मा | 10594 | 11409 | 22003 | 100 |

## २.५ शैक्षीक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार बाँफिकोट गाउँपालिकाको शाक्षरता ७४.९ प्रतिशत रहेको छ जसमा पुरुष शारक्षता ८२.३ प्रतिशत महिला शाक्षरता ६८.२ प्रतिशत रहेको छ । बाँफिकोट गाउँपालिका रुकुम पश्चिमको वडा नं १ मा आधारभुत तहको २ वटा, वडा नं २ मा आधारभुत तहको १ वटा, निजि १ वटा, उच्च मा.वि. १ वटा, वडा नं ३ मा आधारभुत तह २ वटा, वडा नं ४ मा बालविकास १, आधारभुत तह १, स्नातक तह १, वडा नं ५ मा आधारभुत तह २ वटा, वडा नं ६ मा आधारभुत तह २ वटा, निजि १ वटा, उच्च मा.वि. १ वटा, वडा नं ७ मा आधारभुत तह २ वटा, वडा नं ८ मा आधारभुत तह २ वटा, वडा नं ९ मा आधारभुत तह २ वटा र वडा नं १० मा आधारभुत तह २ वटा गरी जम्मा ३३ वटा शैक्षिक संस्थाहरुले अध्यापन गराई रहेका छन् । यस गाउँपालिकाको शैक्षिक अवस्था हेर्दा बालविकास तहमा ६५३, आधारभुत तह देखि एस.ई.ई सम्म १०५६४, प्रवीणता प्रमाणपत्र तहमा २०७४, स्नातक तहमा ३९९ र स्नातकोत्तर वा सो भन्दा माथि १८९ जनाले अध्यन गरेका छन् ।

## २.६ प्राकृतिक श्रोतको अवस्था

### २.६.१ वन सम्बन्धी विवरण

बाँफिकोट गाउँपालिकामा रहेका ५८ वटा सामुदाकि वनहरुले ९२१६.३९ हेक्टर क्षेत्रफल ओगटेको छ । वडा नं १ मा ५ वटा सामुदायिक वनको २३०६.८, वडा नं २ मा ५ वटा सामुदायिक वनको २३.१६.८, वडा नं ३ मा ८ वटासामुदायिक वनको ४६४.६८, वडा नं ४ को ५ वटा सामुदायिक वनको २७१.७४, वडा नं ५ को ३ वटा सामुदायिक वनको २७१.७३, वडा नं ६ मा ६ वटा सामुदायिक वनको ३२८.३१, वडा नं ७ मा ४ वटा सामुदायिक वनको १५८.६, वडा नं ६ र ७ मा २ वटा सामुदायिक वनको १०६.६, वडा नं ८ मा २ वटा सामुदायिक वनको १३१.३२, वडा नं ९ मा ६ वटा सामुदायिक वनको ३५५.५८, वडा नं १० मा ११ वटा सामुदायिक वनको ६७३.७८, वडा नं ९ र १० मा १ वटा सामुदायिक वनको १६९.७१ हेक्टर वन क्षेत्रको उपयोग भइरहेको छ । गाउँपालिकामा २५ वटा कबुलियती वन हस्तान्तरण भएको छ यसमा ७७.४२ हेक्टर बन क्षेत्रको वडावासीहरुवाट उपयोग भईरहेको छ । २ वटा फलफुल, डालेघाँसको नर्सरी र १ वटा उच्च प्रविधिको नर्सरी स्थायी रुपमा, ११ वटा फर्निचर उद्योगहरु रहेका छन् ।

यस पालिकामा रहेका वनहरुमा वदेल, भालु, बाँदर, मृग, स्याल, खरायो, घोरल, रतुवा, गुना, दुम्सि, स्याल लगायतका वन्यजन्तुहरु पाईन्छन भने पंक्षिहरुमा कालिज, तित्रा, चाखुरा, सुगा, परेवा, जुरेली, काग, मैना, ढुकुर, हुम्वारा, वकुल्ला, कोईली पाईन्छन् भने सरीसृपमा सर्प तथा छेपारो र गोहोरो पाईन्छन् । (स्रोतः वन डिभिजन कार्यालय रुकुम पश्चिम)

### २.६.२ जलश्रोत विवरण

वाँफिकोट गाउँपालिकाको माथिल्लो हिउँ पर्ने क्षेत्रहरु तुसारो जम्ने स्थानहरु तासुकाँडा, कालाखार, झारमारे, भुम्पु, नदुवा, खामालेक जस्ता क्षेत्ररु अवस्थित छन् । यी क्षेत्रहरुमा हुने वर्षाको पानीको उपलब्धताले गर्दा र वन क्षेत्र भएको कारण सानातिना मुहान देखि लिएर खाल्डाखुल्डीमा पानीको स्रोतहरु पाइनुका साथै पर्यटकीय प्राकृतिक स्थान स्यार्पु ताल, तिलिचो खोला, पुमाखोला, मग्मा खोला, छिब्राखोला जस्ता पानीको स्रोतहरुले खानेपानी लगायत सिँचाइ तथा विद्युत उर्जाको क्षेत्रको आवश्यकता परिपुर्ति गरेका छन । ठाडो, भिरालो स्थानवाट एक्कासी आउने खहरे खोलाहरुले विभिन्न मानवीय, प्राकृतिक, भौतिक क्षतिहरु वर्षेनी भइराख्ने भएकोले माथिल्लो क्षेत्रका यी स्रोतहरुको संरक्षण तथा भु-उपयोग सम्बन्धी रणनीति तयार गरिएको छ । (स्रोतः डिभिजन वन कार्यालय रुकुम, पश्चिम)

### २.६.३ भुउपयोग तथा वर्गीकरण




चित्र ५ : भुउपयोगको वर्तमान नक्सा

तालीका ४ : भुउपयोगका वर्गीकरण

| हालको भुउपयोगको अवस्था | क्षेत्रफल (हेक्टर) | % |
|---|---|---|
| कृषि | 2822=48 | 14=77 |
| व्यावसायिक | 1=28 | 0=001 |
| सांस्कृतिक तथा पुरातात्विक | 0=05 | 0=0002 |
| वन | 12901=81 | 67=51 |
| अन्य | 2943=37 | 15=4 |
| सार्वजनिक | 42=01 | 0=22 |
| आवासीय | 115=27 | 0=6 |
| नदीनाला तथा ताल तलैया | 284=89 | 1=49९ |
| जम्मा | 19111=13 | 100 |

## २.७ भौतीक पूर्वधारको अवस्था

यस पालिकामा शिक्षामा सहज पहुँच पुर्याउनको लागि ३३ वटा शैक्षिक सस्थाका भवनहरु, प्रत्येक वडामा वडा कार्यालयका भवनहरु १० वटा, गाउँपालिकाको भवन १ वटा, इलाका प्रहरी कार्यालय १ वटा, गाउँपालिका अस्पतालको

भवन १ वटा र ५ वटा सहकारी भवनहरु रहेका छन् । बाँफिकोट गाउँपालिका रुकुम पश्चिमको गाउँपालिका केन्द्र रहेको वडा नं ३ दह सम्म नेपालगञ्ज, काठमाण्डौंबाट मुसीकोट हुँदै यात्रु सेवा उपलब्धता रहेको छ यसैगरी मुसीकोट राडी मार्गमा वडा नं ४ छिन्खेत, वडा नं ६ र ७ मग्मा, मुसीकोट देखि छिन्खेत हुँदै वडा नं १ लागिम पुर्वी रुकुमको पोखरा सम्म, मुसीकोट सोलाबाङ्ग हुँदै गाराघाट सम्म सडक मार्गको सुविधा उपलब्ध छ । कच्ची सडक भएकोले स्तरोन्नतिको कामको थालनी भएको र वडा नं ९, १०, ४, ३ को केही स्थानहरुमा अन्य स्थानहरु जस्तो सडक सुविधाको पहुँच कमै मात्रामा रहेको छ । वडा नं को गाराघाटमा पक्की पुलको निमार्ण कार्य अन्तिम चरणमा रहेको मुसीकोट नगरपालिका र बाँफिकोट गाउँपालिकाको संगम स्थल सानीभेरी नदी प्रवाह हुने विरालेमा बेली प्रविधिको पुल रहेको छ भने अन्य साना तिना खोला खोल्सीहरुमा झोलुङ्गे पुलहरु रहेका छन् । बाँफिकोट गाउँपालिकाको वडा नं १ र २ को बिचमा पर्ने पुमाखोला, छिप्राखोला, स्यार्पु दहवाट बहने तिलिचोखोला, बडगाइखोला, मग्माखोला मुख्य सिँचाई स्रोतको आपुर्ति गर्ने खोलाहरु रहेका छन् । स्यार्पु तालवाट निर्मित भाग्लेमा रहेको विद्युतको लागि बनाइएको नहरबाट वडा नं ३ को केही भागहरु, वडा नं १ को लागिममा रहेको नहरवाट विद्युत उत्पादनका साथै तल्लो लागिममा सिँचाई सुविधा उपलब्ध भएको छ । मग्मा खोला, बडगाइ खोलाहरुवाट वडा नं ६ को मग्मा, लोछाबाङ्ग, छिन्खेत, भेराखेतमा सिँचाई गरिन्छ । स्यार्पु तालमा पानीको आपुर्ति गर्ने जलाशयवाट पाईपलाइन विस्तार गरी वडा नं ४ को अधिकांश भागहरु र केही वडा नं ३ मा सिँचाई उपलब्ध भएको छ । अन्य पानीको स्रोत कम हुने माथिल्लो क्षेत्रहरुमा साना तथा मझौला आकारका पाईपहरुवाट केही धारा र फोहोरा सिँचाईवाट करेसावारीहरुमा आपुर्ति गरिन्छ । बाँफिकोट गाउँपालिका रुकुम पश्चिममा माथिल्लो क्षेत्रमा वडा नं १ र २ को बिचमा पर्ने कालाखारखोला, भेरीखोला, डोप्टे, वडा नं २ र ३ को बिचमा पर्ने छिप्राखोला, स्यार्पु जलाशयमा पानी आपुर्ति गर्ने झारमारेवाट बहने मुहान, बडगाई खोला, मग्मा, झुलाको रातापहर मुहान जस्ता स्रोतहरुवाट खानेपानीको प्रसारण भएको छ । खानेपानीको स्रोतहरु उपलब्ध ब्यवस्थित रुपले निर्माण गरी एक घर एक धाराको ब्यवस्था गर्न गाउँपालिकामा आवश्यक छ । (स्रोत : सहभागितामुलक स्रोत विश्लेषण, २०८०)

## २.८ इन्धन उपयोग विवरण

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा खाना पकाउनको लागि दाउरा प्रयोग गर्ने ४,३८९, एल.पी.जी. ग्याँसबाट खाना पकाउने २००, विद्युत, बायोग्याँस र अन्य स्रोतहरुको प्रयोग गर्ने घरधुरीहरु २७ रहेका छन् । उज्यालोको लागि विद्युत प्रयोग गर्ने ४,३४०, सौर्य बत्ती प्रयोग गर्ने १९५ र अन्य स्रोतहरुको प्रयोग गर्नेमा ७२ घरधुरी रहेका छन् ।

## २.९ गाउँपालिकामा रहेको स्वास्थ्य संस्था

गाउँपालिकामा ४ वटा स्वास्थ्य चौकी, ६ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र ४ वटा सामुदायिक स्वास्थ्य इकाइ छन् जसको विवरण **तालीका ५** दिइएको छ ।

**तालीका ५ : गाउँपालिकामा भएका स्वास्थ्य संस्थाहरुको विवरण**

| वडा नं. | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्था रहेको टोलको नाम |
|---|---|---|
| १ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | बाँफिकोट गा पा वडा नं १ पालकाकोट |
| २ | स्वास्थ्य चौकी | बाँफिकोट गा पा वडा नं २ पिपल |
| ३ | सामुदायिक स्वास्थ्य इकाइ | बाँफिकोट गा पा वडा नं २ थारकोट |
| ४ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | बाँफिकोट गा पा वडा नं ३ स्यार्पुताल |
| ५ | स्वास्थ्य चौकी | बाँफिकोट गा पा वडा नं ४ बाँफिकोट |
| ६ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | बाँफिकोट गा पा वडा नं ५ काँडा |
| ७ | सामुदायिक स्वास्थ्य इकाइ | बाँफिकोट गा पा वडा नं ५ लेखावाङ |
| ८ | स्वास्थ्य चौकी | बाँफिकोट गा पा वडा नं ६ मग्मा |
| ९ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | बाँफिकोट गा पा वडा नं ७ दोवाटाचौंर |
| १० | सामुदायिक स्वास्थ्य इकाइ | बाँफिकोट गा पा वडा नं ७ बास्तोला |
| ११ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | बाँफिकोट गा पा वडा नं ८ दुली पोखरा |
| १२ | आधारभुत स्वास्थ्य सेवा केन्द्र | बाँफिकोट गा पा वडा नं ९ झुला |
| १३ | स्वास्थ्य चौकी | बाँफिकोट गा पा वडा नं १० झुला |
| १४ | सामुदायिक स्वास्थ्य इकाइ | बाँफिकोट गा पा वडा नं १० नयाँ ठाटी |

नेपालको संविधानको धारा ३५ मा उल्लेखित स्वास्थ्य सम्बन्धी हकमा मानव यौन तथा प्रजनन अधिकार पनि उल्लेख भएको यस बाँफिकोट गाउँपालिका मा १० हप्ता सम्मको सुरक्षित गर्भवतन सेवा २ वटा स्वास्थ्य संस्था (स्वास्थ्य चौकी बाँफिकोट र स्वास्थ्य चौंकी पिपल) ले दिम्दै आएका छन् । जसले गर्दा पालिकामा महिलाहरुको अनिश्चित रुपमा रहेको गर्भपतनको लागि स्वास्थ्य सेवा कार्यालय आठबिसकोट जानु पर्ने बाध्यता हटेको छ । अझ यो सेवालाई विस्तार गर्न सकेमा महिलाको यौन तथा प्रजनन स्वास्थ्य सेवा सुधारमा टेवा पुग्ने देखिन्छ ।

## २.१० लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

बाँफिकोट गाउँपालिकामा रहेको २१,०३३ जनसंख्या मध्ये प्रति १०० महिलामा ९३.६९ पुरुष रहेका छन् । यस तथ्याङ्क अनुसार पुरुष भन्दा महिलाको जनसंख्या बढी देखिन्छ । पछिल्लो समयमा महिला तथा पुरुषका बीचमा हुने विभेद कम भएको भएता पनि विभिन्न किसिमका तालिम, गोष्ठि, छलपल तथा अन्तरक्रियाहरुमा महिलाको उपस्थिती पुरुषको तुलनामा कम रहेको पाईन्छ । यस गाउँपालिकामा पनि अन्य ठाउमा जस्तै खेतीपाती, जागिर, व्यापार जस्ता उत्पादनशील कार्यहरुमा पुरुषको सहभागीता धेरै पाइएको छ भने घास दाउरा, पानी पधेरो, भान्सा, केटाकेटीको रेखदेख जस्ता पुनर्उत्पादनशील कार्यहरुमा महिलाहरुको सहभागिता धेरै पाइएको छ । त्यसैगरी सामाजिक तथा राजनैतिक कृयाकलापहरुमा पनि महिलाहरुको संलग्नता पुरुषहरुको तुलनामा कम रहेको छ ।

## २.११ गाउंपालिकामा रहेका सेवाप्रदायक संघ संस्थाहरु

यस गाउँपालिकामा रहेका बिषयगत कार्यालयहरुको सेवा प्रवाह हेर्दा परयोजनाहरु गाउँपालकिाकै नितीनियम र कार्यबधिहरुको मापदण्मा चलरिहेका हुनाले संघ, प्रदेश र स्थानीय तहका बिषयगत कार्यालयहरु सेवा दिने मातहतका निकायहरुसँग समन्वय गरी अगाडि बढेका छौं । आवश्यक निती नियम र कार्यवविधि तयार गरी सम्बन्धति निकायमा पेश गर्ने छौं । योजना तयार गरिसकेपछि अनुकूलन योजनाका प्राथमिकतालाई स्थानीय स्तरमा आर्थिक तथा प्राविधिक रुपमा सहयोग पुऱ्याउन सक्ने निकायहरुको पहिचान एवं ती निकायहरुबाट उपलब्ध हुने सेवाहरुको समेत विश्लेषण गरिएको छ । यसरी जलवायु परिवर्तनका सवालमा आर्थिक, प्राविधिकको साथै सहजीकरण सहयोग पुऱ्याउन सक्ने सरकारी निकायहरुमा जिल्ला समन्वय समितिको कार्यालय, गाउँ कार्यपालिकाको कार्यालय, कृषि शाखा, सिँचाई कार्यालय, भौतिक पुर्वाधार विकास शाखा, वातावरण शाखा,डिभिजन तथा सव-डिभिजन वन कार्यालय भू-संरक्षण कार्यालय, स्वास्थ्य सेवा कार्यालय, सिंचाई कार्यालय, इलाका प्रहरी कार्यालय, टेलिकम, सा.व.उ.स.हरु, , पशुसेवा शाखा, गैर सरकारी संस्था तथा आयोजनाहरुमा नेपाल जलवायु सहयोग कार्यक्रम, आइ पास नेपाल, HDCS, CMC Nepal, One Heart Worldwide, रेडक्रस तथा समुदायमा आधारित संघ संस्थाहरुमा कृषि सहकारी संस्था, सा.ब.उ.स., आमा समूह, युवा क्लब आदि रहेका छन् । संस्थागत नक्शा अनुसार जिल्लामा हुने जलवायु परिवर्तन सम्बन्धि हरेक क्रियाकलापहरु गाउँपालिकाको विशेष भुमिका हुने हुँदा जिल्ला समन्वय समिति र गाउँपालिकासंग नजिक रहन्छ । (**स्रोत : सहभागितामुलक स्रोत विश्लेषण २०८०**)

**तालीका ६ : सेवा प्रदायक संस्थाहरुको विश्लेषण**

| सेवा प्रदायक | स्थान | सम्पर्क विवरण | संस्थाले प्रदान गर्ने सेवा | सम्भाव्य अनुकूलन सहयोग |
|---|---|---|---|---|
| जि.स.स. | मुसिकोट | ०८८५३०३०१ | विकास निर्माण, मेलमिलाप, आर्थिक सहयोग | लापा कार्यन्वयन तथा अनुगमनमा सहयोग |
| वडा, नगरपालिका | बाँफकोट | ९८५७८८८७२९ | दर्ता, सिफारिश, मालपोत आर्थिक सहयोग | लापा कार्यन्वयन |
| स्वास्थ्य सेवा कार्यलय | मुसिकोट | ०८८५३०११५ | स्वास्थ्य सम्बन्धी उपचार, सल्लाह, सुझाव | जनचेतना, नयाँनयाँ रोगको बारेमा सचेतीकरण |

| | | | | |
|---|---|---|---|---|
| पशु सेवा शाखा | मुसिकोट | ९८५७८२०६०७ | भ्यमक्सीन सेवा, पशु चौपायालाई न्युन शुल्कमा उपचार गर्ने | पशु नश्ल सुधार, निशुल्क पशु सेवा |
| कृषि ज्ञान केन्द्र | | ९८५७८२००३७ | सहुलियत दर वीउविजन वितरण | बीउ विजनको व्यवस्था, पुनःकृषि तथा पशु सम्बन्धी तालिम दिने, आर्गनिक औषधीको लागी सल्लाह सुझाव |
| ईलाका प्रहरी कार्यलय | | | शान्ती सुरक्षा कायम र खोज उद्दार कार्यमा सहयोग | वन संरक्षण तथा सरसफाई अभियान, विपदको बेला सहयोग |
| डिभिजन वन कार्यलय | मुसिकोट | ९८५७८२४३०० | उपभोक्ताको माग अनुसार वन पैदावर आपूर्तिको सहयोग, प्राविधिक सहयोग | वृक्षारोपण, वन व्यवस्थापनका कार्यमा सहयोग |
| मालपोत, नापि शाखा, भूमिसुधार | मुसिकोट | ९८६१२०५११२ | जग्गा रजिस्ट्रेसन, लालपुर्जा वितरण, रोक्का, फुकुवा | |
| शिक्षा विकास तथा समन्वय इकाइ | मुसिकोट | ०८८५३०१०१ | शैक्षिक सेवा केन्द्र | वतावरण शिक्षा प्रदान |
| बैंक तथा बित्तिय संस्थाहरु | मुसिकोट | | ऋण दिने बैकिङ्ग कारोवार, तालिम | सुलभ ब्याजमा ऋण प्रदान गर्ने, आयआर्जन सम्बन्धी तालिम |
| गैसस | मुसिकोट | | निःशुल्क उपचार, अपाङ्गलाई भत्ता, अनाथलाई सहयोग, तरकारी बिऊ प्रदान , शुसासन सिकाई तथा कार्य केन्द्र, अनुकुलन योजना, आर्थिक र प्राविधिक रुपमा सहयोग गर्ने | जैविक विविधता संरक्षण, दिगो भू-परिथि व्यवस्थापन, वन संरक्षण क्षमतामा अभिवृद्धि, जिविकोपार्जन सम्बन्धी तालिम, अनुकुलनका कार्यक्रम संचालन |
| नेपाल रेडकस | मुसिकोट | | राहात सामाग्री वितरण भाँडाकुडा/त्रिपाल /वाटरगार्ड/फिल्टर | जटिल किसिमको रोग लाग्दा स्वास्थ्य उपचारको लागी आर्थिक सहयोग गर्ने, नयाँनयाँ रोगको बारेमा सचेतीकरण |
| सामुदायिक वन उपभोक्ता महासंघ | मुसिकोट | | काठ, दाउरा प्रदान, विपन्न वर्गमुखी कार्यक्रम संचालन गरेको, सुशासनका कामहरु गर्ने गरेको, वन हेरालुलाई तालिम गोष्ठी तथा चाहिने सामाग्री वितरण, चोरी शिकारी नियन्त्रण दल गठन र परिचालन, का.स.का पदाधिकारीलाई तालिम गोष्ठी दिने गरेको | सुलभ मुल्यमा काठ, दाउरा प्रदान, आयआर्जन सम्बन्धी तालिम, जिविकापार्जनमा सहयोग, विपन्न वर्गमुखी कार्यक्रम अझ बढाउने/सुशानको काम गर्ने |

| | | | | |
|---|---|---|---|---|
| सहकारि संस्था लि. | मुसिकोट | | बचत र कर्जा प्रवाह, ऋण उपलब्ध गराउने, आयआर्जन र वैकल्पीक उर्जा | |
| आइ पास नेपाल | काठमाण्ठौ | | नेपालमा यौंन तथा प्रजनन स्वास्थ्यमा दिगो सवलिकरणको लागि स्वास्थ्य कर्मीको क्षमता विकास तथा समुदाय परिचलन | लापा तयारी तथा कार्यन्वयनमा आर्थिक तथा प्राविधिक सहयोग |

# परिच्छेद ३. स्थानीय अनुकूलन कार्ययोजनाको विधि र प्रक्रिया

स्थानीय अनुकूलन कार्ययोजना तयार गर्दा जलवायु परिवर्तन नीति २०७६, राष्ट्रिय अनुकूलन कार्यक्रम २०६७, परिमार्जित स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचना २०७६, स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा तर्जुमा दिग्दर्शन २०८१, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०, वातावरण नीति २०७६, HNAP (२०२३–२०३०) लाई आधार मानिएको छ। स्थानीय जलवायु परिवर्तन अनुकूलन कार्ययोजनाको राष्ट्रिय संरचनाका चार निर्देशक सिद्धान्तहरु (उर्ध्वगामी, तत्परता, लचकता र समावेशी) र छ चरण अन्तर्गत विभिन्न सहभागितामूलक विधिहरूको प्रयोग गरी यो कार्ययोजना तर्जुमा गरिएको छ, जसको समग्र प्रक्रिया चित्र ६ मा देखाइएको छ।




**चित्र ६ : लापा खाकाको समग्र प्रक्रिया**

स्थानिय अनुकूलन कार्ययोजना तर्जुमा गोष्ठि बाफिँकोट गाउँपालिकामा जनप्रतिनिधिहरु र पालिका स्तरिय सरोकारवालाहरुलाई जलवायु परिवर्तन अनुकूलन सचेतिकरण गरेर शुरुवात गरिएको थियो। सो गोष्ठिमा गाउँपालिका क्षेत्रमा मुख्य मुख्य प्रकोपहरुको पहिचान साथै जोखिमहरुको विश्लेषण गरिएको थियो। त्यसैगरी वडा स्तरमा जलवायु परिवर्तन सम्बन्धि सचेतिकरण, प्रकोपको पहिचान र वस्तिहरु छनौट पश्चात् वस्तिहरुमा संकटासन्नता लेखाजोखा र अनुकूलनका क्रियाकलापहरुको पहिचान गरिएको थियो। वडामा संकटासन्ता लेखाजोखा, प्रकोप श्रोत नक्सांकन समेत तय गरी अनुकूलनका क्रियाकलापहरु पहिचान गरिएको थियो। प्रत्येक क्रियाकलापहरुलाई विभिन्न सुचकको आधारमा प्राथामिकिकरण गरिएको हो। प्रत्येक वडा बाट आएका सुचनाहरुलाई पुन नगरपालिकामा प्रस्तुत गरिएको थियो। वडाहरुको स्तरीकरण, श्रोत नक्सांकन, गाउँपालिकाको जोखिम विश्लेषण, गाउँपालिका स्तरिय अनुकूलनका क्रियाकलापहरु पहिचान साथै वर्गीकरण गरिएको हो।




चित्र ७ : स्थानीय अनुकूलन कार्ययोजना विधि प्रक्रिया

यस स्थानीय अनुकूलन कार्ययोजनाका तयारी गर्दा अपनाईएका चरण तथा तिनका नतिजाहरु निम्नानुसार रहेका छन् ।

## ३.१ जलवायु परिवर्तन सचेतना अभिवृद्धि

स्थानिय अनुकूलन कार्ययोजना निर्माणका क्रममा सबैभन्दा पहिला गाउँपालिका स्तरीय शुरुवाती गोष्ठि सम्पन्न गरी सो गोष्ठिको निर्णय अनुसार यस बाँफिकोट गाउँपालिकाका १० वटै वडामा स्थानिय अनुकूलन कार्ययोजना निर्माणका साथै जलवायु परिवर्तन सचेतना सम्बन्धि १ दिने कार्यशाला गोष्ठी कहिले र कुन मितिमा गर्ने भन्ने छलफल भएको थियो । त्यसपछि सबै वडामा १ दिने वडा स्तरीय गोष्ठीहरु सम्पन्न गरिएको थियो भने वडा स्तरीय गोष्ठीबाट आएका तथ्यांकहरुमाथि छलफल गर्ने गरी गाउँपालिका स्तरीय सुझाव संकलन गरिएको थियो । सबै गोष्ठीहरु वडाका जिम्मेवार प्रतिनिधिहरुको अध्यक्षतामा सम्पन्न गरिएको थियो । सबै गोष्ठिमा कार्यपालिकाका सदस्यहरु, पालिकाका सम्बन्धित निकायका प्रमुख तथा प्रतिनिधीहरु, वन समुहका प्रमुख तथा प्रतिनिधीहरु, स्थानियवासी, राजनैतिक दलका प्रतिनिधीहरु, दलित, जनजाती, महिला तथा वृद्ध-बृद्धाहरुको सहभागिता रहेको थियो । गाउँपालिका तथा वडा स्तरीय कार्यक्रममा रहेका सहभागिहरुको विवरण **तालिका ७** मा उल्लेखित गरिएको छ ।

पुनरावलोकन गोष्ठी तथा लक्षीत वर्ग छलफलमा विभिन्न जलवायु जन्य प्रकोपले स्वास्थ्य तथा महिलको यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारमा के कस्तो असर गरेको छ; विगत ३० वर्षमा प्रजनन स्वास्थ्य, मातृ तथा बालबालीका मृत्यु दर, सुत्केरी अवस्था, गर्भपतन कस्तो अवस्था थियो; वृद्धवृद्धा, एकल महिला, किशोर किशोरी, बालबालीकालाई

असर र सोसँग जुध्न के कस्ता उपाय अपनाएको सम्बन्धी बृहत लेखाजोखा गरीएको थियो । पुनरावलोकन गोष्ठी तथा लक्षीत वर्ग छलफल क्रममा रहेका सहभागिहरुको विवरण **तालिका ८** मा उल्लेखित गरिएको छ ।

तालीका ७ : अनुकूलन योजना तयारी गोष्ठीका सहभागीहरुको शारांस

| सहभागी | दलित | जनजाति | अन्य उच्च जाति | जम्मा |
|---|---|---|---|---|
| **जम्मा** | 57 | 30 | 223 | 310 |
| **प्रतिशत** | 18=4 | 9=7 | 71=9 | |

तालीका ८ : पुनरावलोकन गोष्ठी तथा लक्षीत वर्ग छलफलको सहभागी विवरण

| क.स. | मिति | कार्यक्रम | स्थान | उपस्थिति विवरण | | जातिगत विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | म. | पु. | दलित | ज.जा | बाक्षेठ | जम्मा |
| १ | २०८१/५/१६ | पुनरावलोकन गोष्ठी | पालिका कार्यालय | 6 | 13 | 4 | 0 | 15 | 19 |
| २ | २०८१/६/११ | लक्षित वर्ग समुह छलफल – दलित | बाँफिकोट १ रेउता | 7 | 0 | 7 | 0 | 7 | 14 |
| ३ | २०८१/६/१२ | लक्षित वर्ग समुह छलफल – एकल महिला | बाँफिकोट ७ | 7 | 0 | 0 | 5 | 2 | 7 |
| ४ | २०८१/७/६ | लक्षित वर्ग समुह छलफल – बालबालीका तथा किशोर किशोरी | स्यांपु ताल | 7 | 4 | 0 | 0 | 11 | 11 |
| ५ | २०८१/५/२५ | लक्षित वर्ग समुह छलफल – खोला नजिकको वस्ती | कुनाखेत | 1 | 6 | 0 | 0 | & | 0 |
| ६ | २०८१/७/९ | लक्षित वर्ग समुह छलफल – भूकम्प प्रभावीत वस्ती | डाँडागाउँ | 2 | 4 | 0 | 0 | 6 | 6 |
| ७ | २०८१/७/९ | मुख्य जानकारीकर्तासँगको अन्तर्वाता – अपाङ्ता भएका व्यक्ती | पुरानो ठाटी | 4 | 2 | 0 | 2 | 4 | 6 |
| ८ | २०८२/०१/३० | मस्यौदा छलफल गोष्ठी | | 6 | 15 | 4 | 1 | 16 | 21 |
| | जम्मा | | | 40 | 44 | 15 | 8 | 61 | 84 |

## ३.२ संकटासन्नता, जोखिम विश्लेषण तथा वस्तुगत विवरणको तयारी

यस प्रकृया मार्फत संकटासन्न व्यक्ति तथा समुदायहरु र जीविकोपार्जन तथा पर्यावरणीय प्रणालीको विवरण तयार गरी सो बमोजिम अनुकूलन र जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यक्रमहरु तयार गर्न मद्दत पुगेको छ । संकटासन्नता तथा अनुकूलन मूल्याङ्कन तथा लेखाजोखाका लागि मौसमी पात्रो, बाली पात्रो, ऐतिहासिक समय रेखा, संकटासन्नता नक्सांकन, जलवायु परिवर्तनको क्षेत्रगत प्रभाव, पारिस्थितिकीय प्रणालीमा पारेको प्रभाव, जीविकोपार्जनका स्रोत र प्रकोप विच अन्तर सम्बन्ध, जोखिम तथा अनुकूलनको विश्लेषण र अनुकूलनका उपायहरुको प्राथमिकिकरण जस्ता सहभागितामूलक अभ्यास तथा विश्लेषण गरि सो बाट आएका नतिजाहरु तल उल्लेख गरिएको छ ।

### ३.२.१ प्रकोपहरुको ऐतिहासिक समयरेखा

यो एक सहभागितामूलक विधी हो जस मार्फत कम्तिमा विगत ३० वर्षमा घटेका विभिन्न प्रकोपहरुको विश्लेषण गरिन्छ । यस विधिको माध्यमबाट वडा नं. १ देखि १० सम्मका निर्वाचित जनप्रतिनिधीहरु, जेष्ठ नागरिक, वुद्धिजिवी तथा जानीफकारहरुसँग छलफल गरी बाँफिकोट गाउँपालिकाको प्रकोपको ऐतिहासिक समयरेखा तयार गरिएको थियो । यस विधिबाट प्राप्त भएको सूचनाको आधारमा गाउँपालिकामा रहेका जलवायुजन्य प्रकोप तथा जोखिमहरु र ती प्रकोपहरुबाट भएको असर तथा प्रभावहरु विश्लेषण गरिएको थियो ।

विगतका वर्षमा पहिरो तथा भू-क्षयले ल्याएको क्षति समग्र रुपमा तलको तालिकामा दिइएको छ ।

तालीका ९ : प्रकोपको ऐतिहासिक समयरेखा

| प्रकोप | वर्ष | बारम्बारता | प्रकोपले ल्याएका असर तथा प्रभावहरु |
|---|---|---|---|
| पहिरो | 2065 | ५ पटक | वडा १ को ढिकाकाल्ना सामुदायिक वन क्षेत्रमा भुक्षय र करीब १ हेक्टर क्षेत्रमा वन विनाश । निगालेनीमा पानी घट्ट र वनको क्षति । तितेपाखामा पहिरोले गोरेटो बाटो, खानेपानी र सिँचाइ पाइपको क्षति भएको । कालागौरा पहिरोका कारण सिँचाइ, खानेपानी, बाटो, वस्ती र वन क्षेत्रमा क्षति । |
| | 2075 | ५ पटक | वडा २ को वस्ती, खेतीयोग्य जमीन, वन क्षेत्र, बाटोहरुमा पहिरो गई आवागमन, सामान ढुवानी नहुँदा जिविकोपार्जनको क्षेत्र कष्टकर भएको र मानवीय क्षति, पशुपंक्षी र कृषि बालीमा क्षति भएको । |
| | 2060 | ८ पटक | वडा ३ को ५ वटा घरको क्षति हुनुका साथै खेतीयोग्य जमीन कटान भएको । धने खत्रीको खेतीयोग्य जमीनको क्षति भएको । |
| | 2075 | ५ पटक | वडा ४ मा मानविय क्षति ४ जना, १ घरको क्षति । थापावगरमा खेत, सडक, वन क्षेत्र र वस्ती जोखिममा । पानीखोला, डाँडा सडक, रोटेपानी पहिरोले वस्ती खेतीयोग्य जमीन, खानेपानी मुहानको क्षति भएको । |
| | 2060 | ५ पटक | वडा ५ को वस्ती बगाउनुका साथै मानिस सहित पशु चौपायाको मृत्यु भएको । |
| | 2059 | ७ पटक | वडा ६ मा ४ वटा पशु चौपायाहरुको क्षति । |
| | 2070 | ८ पटक | वडा ७ मा दोबाचौर पहिरोका कारण पानीको मुहान भत्किँदा पानीको समस्या, बाटो अवरुद्ध । डाडुगाउँ पहिरोल खेतीयोग्य जमीनको क्षति र वस्ती जोखिममा । दुलिगां र नयाँखर्क, नदुवा पहिरोले सिँचाइ अवरुद्ध, वस्तीमा क्षति, सडकको क्षति । खानटाकुरा पहिरोका कारण खानेपानीको स्रोतमा क्षति, खेतीयोग्य जमीनको क्षति । डाडुसगाउँमा सिँचाइ अवरुद्ध । |
| | 2059 | ९ पटक | वडा ८ मा छरीखोला, हलवाँदे, खुर्वागं, सिर्पा, मैनेरी, कुरीवन, तलीगाउँ दलित बस्तीमा भेराखोर पहिरोले असर गरी वनजंगल, खानेपानी, घर, सडक यातायात, सिँचाई अवरुद्ध भई केही वस्ती समेत विस्थापित भएको । |
| | 2076 | ४ पटक | वडा ९ को काप्रा माउखोला पहिरोले सडक अवरुद्ध, कृषियोग्य जमीनको क्षति । |

| | | | |
|---|---|---|---|
| | | | स्याल पहिरोले हस्त बहादुर कामीको घर बगाएको, ३ जना मानिसको ज्यान गएको, वस्ती जोखिम भइ त्रासपुर्ण अवस्था रहेको । झुला दुली सडक खण्ड पहिरोले पानी घट्टको क्षति, सडक अवरुद्ध र वन क्षेत्रमा भएका रुख विरुवाहरुको क्षति र भुक्षय भएको |
| | 2076 | ७ पटक | वडा १० को गारावागं, सिरुगैरा, पुरानोठाँटी, सिमलगैरामा नगन्य मात्रामा वनजंगल र मानवीय क्षति । |
| | 2081 eb} | | बाँफिकोट गा.पा १० मा ४२ घर धुरी प्रभावित । २२ वटा बाखाको मृत्यु, ४ वटा घाइने १ गाइ गोठ पूर्ण रुपमा क्षति । बाफिकोट गा.पा र व्यक्तिगत सहयोगमा स्थानिय र प्रहरीले पहिरो हटाउन प्रयास गरेको । |
| | 2081 | | वडा १० को ने.रा मा बि दारबाङमा भवनमा क्षति, ४ वटा घरमा आंसिक रुपमा क्षति । स्थानिय सरकार, स्थानिय बासिहरुले सहयोगको लागि खटिएका । स्थानिय सरकार र अन्य सरोकारवाल निकायले आवश्यक सहयोग गरेको । |
| **बाढी तथा नदी कटान** | 2065 | ७ पटक | वडा १ को ढिककाल्ना सामुदायिक वन क्षेत्रमा सानीभेरी नदी र खहरे खोलाले वनको क्षति भएको, पुमाखोलाको बाढीले गर्दा पुमा खेत जोखिममा र कटानमा परेको । |
| | 2065 | ४ पटक | वडा २ को सानीभेरी नदी, पुमाखोला नदीले गदौ पुमाखेत, कुनाखेतमा खेती योग्य जमीनको क्षति भएको । |
| | 2060 | ७ पटक | वडा ३ मा ४ वटा घर, पानी घट्टको क्षति र १ मनिसको मृत्यु, २० मुरी धान फल्ने खेतीयोग्य जमीनको क्षति, धान खेतीमा क्षति भएको । |
| | 2055 | ६ पटक | वडा ४ को उमखोला बाढीको कारण बजार, वस्ती, उत्पादन क्षेत्र, खानेपानीको स्रोतहरुमा क्षति भएको । |
| | 2066 | ३ पटक | वडा ६ मा मग्मा खोला बाढीले वन क्षेत्रको कटान गरेको । |
| | 2068 | ३ पटक | वडा ९ मा सानीभेरी नदी र मग्माखोलको बाढीबाट भेराखेतमा धान खेतीमा असर परेको । |
| | 2066 | ४ पटक | वडा १० को गारावागं, सिरुगैरा, पुरानोठाँटी, सिमलगैरामा वनजंगल, पशुचौपायाहरुको क्षति भएको । |
| **खडेरी** | 2072 | ५ पटक | वडा १ मा खडेरीका कारण पानीका मुहानहरुमा पानीका कमी हुनुका साथै केही मुहानहरु लोप भएको । फलफुल तथा वन क्षेत्रका वोटविरुवाहरु सुकेको, अत्यधिक गर्मीका कारण पशुपंक्षी र मानवमा रोगहरु लाग्ने गरेको र कृषि बालीहरुमा विभिन्न नयाँ प्रकारका किराहरुको प्रकोप रहेको । |
| | 2072 | ४ पटक | वडा २ मा खडेरीका कारण गहुँबाली उत्पादन घटेका र रोग किराहरुको प्रकोप हुनुका साथै खानेपानीका मुहानहरुमा पानीको मात्रामा कमी भइ खानेपानीको अभाव भएको । |
| | 2072 | ३ पटक | वडा ३ मा सिमैछरी खोलामा पानी घट्न गई स्याँपु दहको पानी निकै घटेको । |
| | 2072 | ६ पटक | वडा ४ को खोलाहरुमा पानीको कमी हुँदा छिन्खेतमा सिँचाइ समस्या, बाँफिकोटमा खानेपानीको अभाव । |
| | 2062 | ५ पटक | वडा ५ मा नौपानी, पानीखोला, तुसार पानी, बिउरा पानी, सिमल पानीमा पानीको मुहानमा खडेरीका कारण पानीको स्रोत कमी हुँदा खानेपानी, सिँचाइ, सरसफाइमा पानीको सम्स्या रहेको । |
| | 2066 | ३ पटक | वडा ६ मा रहेका १० वटा खानेपानीका मुहानहरुमा पानीको स्रोत घट्न गई खानेपानी, सरसफाई, पशु चौपायाका लागि पानीको समस्या रहेको । |
| | 2066 | ३ पटक | वडा ७ मा खडेरीका कारन नदुवा, डारुगाउँ, मग्मामा खानेपानीको स्रोत कमी भइ खानेपानीको अभाव भएको । |

| | | | |
|---|---|---|---|
| | 2066 | ३ पटक | वडा ८ मा हिउँदे बाली उत्पादन र फलफुलको उत्पादनमा कमी भएको । |
| | 2068 | ३ पटक | वडा ९ मा सिँचाई र खानेपानीको समस्या भएको । |
| | 2066 | ४ पटक | वडा १० मा सिँचाई र खानेपानीको समस्या भएको । |
| आगलागी | 2074 | ३ पटक | वडा १ मा घर गोठ जलेर क्षति, वायु प्रदुषण, वन तथा वन्यजन्तुको क्षति । |
| | 2078 | ३ पटक | वडा ३ मा सामुदायिक वन क्षेत्रमा लालीगुराँस, बाँझ, रयाँज, फलाँट, सल्ला जस्ता प्राजातिहरु जलेर नष्ट हुनुका साथै वन क्षेत्रमा भएका जडीबुटीहरु जीवजन्तुहरुको क्षति भएको । ११ मनिस बस्ने घरको ३ वटा पशुहरुको क्षति भएको, १ जना मानिस जलेर घाइते भएको, १ वटा घर जलेर क्षति भएको, खानेपानी पाइपलाइन जलेर क्षति भएको । |
| | 2075 | ५ पटक | वडा ५ मा मानिसको मृत्यु, घरहरु जलेको, वन क्षेत्रमा रहेका वनस्पतिहरुको क्षति र जीवजन्तुहरु नष्ट भएको । |
| | 2059 | ३ पटक सम्म | वडा ६ मा पटक पटक गरी ५ पटक सम्म आगलागी हुँदा ८ वर्षको एक बच्चाको जलेर मृत्यु भएको । ४ घरहरु पुर्ण रुपमा क्षति भएको । |
| | 2078 | ३ पटक | वडा ७ को दुधेपाखा, तल्लोखर्क, बयाल्नेमा धनजनको क्षति । |
| | 2081 j}zf v09 | | बाँफिकोट गा.पा.मा ११४ घर धुरी प्रभावित । १ जना महिलाको मृत्यु, ३ वटा चौपाया मरेका, २० हाँस कुखुरा मरेका र केही चौपाय घाइते । गा. पा., रेडक्रस र मानव विकास केन्द्र चौरजहारीको सहयोगमा आगो नियन्त्रण गरिएको । |
| बालीरोग | 2068 | ३ पटक | वडा १ मा मकै वालीमा फौजी किरा र सलहले सम्पुर्ण मकैहरु क्षति भइ उत्पादन नभएको । |
| | 2068 | ३ पटक | वडा २ मा मकै वालीमा फौजी किरा र सलहले सम्पुर्ण मकैहरु क्षति भइ उत्पादन नभएको । |
| | 2076 | | वडा ६ मा सलह किराको कारण वर्षे वाली मकै लगायतका बालीनालीमा क्षति भएको । |
| jgdf /f]u 1s/f | 2066 | बारम्बार | सबै वडामा वनको बोटविरुवाहरुको पात खाने किरा, टुप्पो सुक्ने रोग, पँहेलो हुने, सिन्दुरे ऐजेरुका कारण वनको स्रोतको कमी भएको । |
| चट्याङ | 2074 | ३ पटक | वडा १ मा विद्युतको उपकरणमा क्षति र ३ वटा चौपायको मृत्यु |
| | 2075 | ३ पटक | वडा ५ मा पशु चौपायाको क्षति, मानवीय क्षति, घरहरुमा क्षति भएको । |
| | 2076 | ३ पटक | वडा ६ मा सिर्द्धाथ उ.मा.वि.को छाना पुर्ण रुपमा क्षति । |
| महामारी | 2075 | ३ पटक | वडा २ मा मानिस, पशुपंक्षीहरुमा विभिन्न प्रकारका रोगहरुमा वृद्धि भइ मानवीय र आर्थिक रुपमा क्षति भएको । |
| भासिने | 2070 | ३ पटक | वडा नं ५ र ६ को सिमानामा कुरलभिर जुर भासिँदा पशु चौपाया, मानवीय क्षति र घरहरु भत्किएको । |
| भूकम्प | 2080 =7=1 7 | | गा.पा. मा ४२९५ घरधुरी प्रभावित भएको । ३५ घरमा क्षति । वडा नं ४ सिम्तारुमा बालिका घाइते । स्थानिय सरकार र अन्य सरोकारवालाहरु उद्दारमा खटिएका । नेपाल सरकारले अस्थायी घर निमार्णमा सहयोग । नेपाल रेडक्रस जिल्ला शाखा रुकुम पश्चिमले आवश्यक सहयोग गरेको । |

ऐतिहासिक समयरेखाको विश्लेषण अनुसार विगतका वर्षहरुमा लामो खडेरीका घटनाहरु बढ्दै गएको देखिन्छ । खडेरीको कारणले कृषिबालीको उत्पादनमा कमि आएको देखिन्छ भने पानीका मुहानहरुमा पानीको मात्रा घट्दै गएको पाइन्छ । खडेरीका घटनाहरु बढेसँगै वनजंगल तथा वस्तीहरुमा आगलागीका घटनाहरु वृद्धि भएको देखिन्छ । वनजंगलमा लागेको आगलागीले बोट बिरुवा तथा वन्यजन्तुहरुलाई क्षति पुर्‍याएको देखिन्छ भने केही घटनाहरुमा वनको डढेलो फैलिएर वडा नं १०, ५, २, ३ मा वनजंगलको बढी मात्रामा क्षति भएको छ । कृषि बाली तर्फ सिन्दुरे, लाहा, मकै, गहुँ, जौं बालीहरुमा कालो पोके हुने, धान बालीहरुमा सिन्दुरे लाग्ने जस्ता प्रकोपहरुका कारणले गर्दा कृषि तथा खाद्य सुरक्षामा निकै असर परेको छ । त्यस्तै फलफुलहरुमा पात झर्ने, फुल झर्ने, फल नलाग्ने, सिन्दुरे लाग्ने, पुतली, लार्भा, लाही, कमिला, फौंजी किरा र सलह जस्ता किराहरुको प्रकोप बढ्ने देखिन्छ । पशुहरुमा विभिन्न प्रकारका पन्जी जस्ता महामारीको प्रकोप वर्तमानमा फैलिरहेको छ । विगतमा कुँजिने तथा प्यारालाइसिस हुने, सिगान छोड्ने, खोरेत लाग्ने, किर्ना, जुका जस्ता परजीवीहरुको प्रकोप हुनुका साथै भुस्याहा कुकूरहरुको वृद्धि हुने जस्ता समस्याहरु रहेका छन् । यस गाउँपालिकाको मुख्य प्रकोपहरु मध्ये पहिरो तथा भु-क्षय एक रहेको छ । पहिरोबाट खेतीयोग्य जमीन, वस्ती तथा घरहरु, सामुदायिक पूर्वाधारहरु तथा अन्य प्राकृतिक स्रोतहरु संकटासन्न रहेको देखिन्छ ।

### ३.२.२ बाली, प्रकोप तथा मौसमी पात्रो

विगत ३० वर्षको अन्तरालमा स्थानीय स्तरमा जलवायुमा आएका परिवर्तनहरुको जानकारी मौसमी सम्मुखताका सुचकहरुको प्रयोग गरी विधिको छलफलमा समुदायका ज्येष्ठ नागरिक, वुद्धिजीवी तथा जानिफकारहरुको सहभागिता रहेको थियो । यसै विधिको प्रयोग गरी समुदाय स्तरमा जलवायु परिवर्तनको कारणले बाली चक्र, वनस्पति प्रजातिहरुको जीवन चक्र/व्यवहार, प्रकोपको स्वरुप लगायत अन्य विभिन्न क्षेत्रहरुमा आएका/देखिएका परिवर्तनहरुको जानकारी समेत प्राप्त भएको छ ।

यस गाउँपालिकाको बाली चक्र बमोजिम यहाँका सबै जसो कृषियोग्य जमीन खनजोतको समयमा बाहेक बाँझो रहने गरेको देखिँदैन् । अर्ध सिंचित र असिंचित जग्गा भने मनसुनी वर्षाको अभावमा १ महिना जति बढी बाँझो रहने गरेको देखिन्छ । अन्य समयमा समयानुकूल बालीहरु लगाईने गरिन्छ ।

### तालीका १० : बाली पात्रो

| सम्मुखताको क्षेत्र | सूचकहरु | समय | वैशाख | ज्येष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **समयानुकूल लगाइने बालीहरु** | | | | | | | | | | | | | | | |
| सिंचित ( कुलो लाग्ने) | | | | धान, फलफुल र तरकारी वाली समेत | | | | | | | | | | | |
| असिंचित | | | मकै | | | | | गहुँ, जौं, मसुरो, तोरी, आलु, | | | | | | | |
| *जीविकोपार्जनका क्रियाकलापहरु* | स्थानिय मकै लगाउने | पहिले | | | | | | | | | | | | | वर्षाको फेरबदलले गर्दा मकै लगाउने समय पछाडि सरेको |
| | | अहिले | | | | | | | | | | | | | |
| | स्थानिय मकै पाक्ने | पहिले | | | | | | | | | | | | | ढिलो रोपे पनि मकै पाक्ने समय अगाडि सरेको |
| | | अहिले | | | | | | | | | | | | | |
| *जीविकोपार्जनका क्रियाकलापहरु* | स्थानिय धान लगाउने | पहिले | | | | | | | | | | | | | बर्षाको फेरबदलले गर्दा धान रोप्ने समय पछाडि सरेको |
| | | अहिले | | | | | | | | | | | | | |
| | स्थानिय धान काट्ने | पहिले | | | | | | | | | | | | | ढिलो रोपे पनि धान काट्ने समय अगाडि सरेको |

### तालीका ११ : परिवर्तीत प्रकोप तथा मौसमी पात्रो

| सम्मुखताको क्षेत्र | सूचकहरु | समय | वैशाख | ज्येष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन ( घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| *तापक्रम* | गर्मिको | पहिले | | | | | | | | | | | | | गर्मिका दिन २ |

| सम्मुखताको क्षेत्र | सूचकहरु | समय | वैशाख | ज्येष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन ( घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दिन | अहिले | | | | | | | | | | | | | महिनाले बढेको र गर्मिको मात्रा पनि बढेको |
| | जाडोको दिन | पहिले | | | | | | | | | | | | | जाडोका दिन करिब २.५ महिनाले घटेको |
| | | अहिले | | | | | | | | | | | | | |
| *वर्षा तथा यसको स्वरुप* | मनसुनी वर्षा | पहिले | | | | | | | | | | | | | मनसुनी वर्षाका दिन २ महिनाले घटेका तर छोटो समयमा धेरै पानी पर्ने गरेको |
| | | अहिले | | | | | | | | | | | | | |
| | हिउंदे वर्षा | पहिले | | | | | | | | | | | | | हिउँदे वर्षाका दिनहरु करिब ३ महिनाले घटेको साथै मात्रा पनि घटेको |
| | | अहिले | | | | | | | | | | | | | |
| | तुसारो | पहिले | | | | | | | | | | | | | तुसारो पर्ने दिनहरु २ महिनाले घटेको |
| | | अहिले | | | | | | | | | | | | | |
| *वनस्पति प्रजातिहरुको जीवनचक्र/व्यवहार* | फुल फल्ने ( लालिगुरास ) | पहिले | | | | | | | | | | | | | लाली गुराँस फुल्ने समय १ महिनाले अगाडि सरेको |
| | | अहिले | | | | | | | | | | | | | |
| | फल फल्ने (काफल) | पहिले | | | | | | | | | | | | | काफल पाक्ने समय १ महिनाले अगाडि सरेको |
| | | अहिले | | | | | | | | | | | | | |
| *प्रकोपको स्वरुप* | बाढीको घटना | पहिले | | | | | | | | | | | | | अहिले वर्षामा फेरबदल भएकोले बाढी |
| | | अहिले | | | | | | | | | | | | | |

| सम्मुखताको क्षेत्र | सूचकहरु | समय | वैशाख | ज्येष्ठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फाल्गुण | चैत्र | समयमा देखिएको परिवर्तन ( घटबढ) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहिरोको घटना | पहिले | | | | | | | | | | | | | तथा पहिरोको समयमा पनि परिवर्तन भएको छ साथै मात्रा र बारम्बारता भने बढेको छ |
| | | अहिले | | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | | |

### ३.२.३ तापक्रम तथा वर्षाको अवस्था

यस गाउँपालिका पहाडी रुकुम पश्चिम जिल्लामा पर्ने भएकोले यहाँ शीतोष्ण प्रकारको मौसमी अवस्था देखिन्छ । यस गाउँपालिकामा वर्षा तथा तापक्रमको अवस्था मापन गर्ने केन्द्र नभएकोले मुसिकोटमा राखिएको केन्द्रबाट तापक्रम तथा वर्षाको तत्थ्यांक संकलन गरी विश्लेषण गरिएको छ । यस गाउँपालिकाको पछिल्लो २९ वर्षको तापक्रम तथा वर्षाको मासिक प्रवृत्ति तलको तालिकामा देखाईएको छ ।




चित्र ८ : वर्षा तथा तापक्रमको औसत मासिक प्रवृत्ति

#### ३.२.३.१ तापक्रम परिवर्तनको क्रम र प्रवृत्ति विश्लेषण

यस गाउँपालिकामा विगत २९ वर्षको औसत अधिकतम तापक्रम २७.४ डिग्री सेल्सियस र औसत न्यूनतम तापक्रम १४.६ डिग्री सेल्सियस रहेको छ । यहाँको हालसम्मको उच्चतम तापक्रम ३१.९ डिग्री सेन्टिग्रेड अभिलेखमा रहेको छ भने न्यूनतम तापक्रम २.५ डिग्री सेन्टिग्रेड मापन गरिएको छ । यसको अर्थ यहाँ वैशाख, जेष्ठ, आषाढ, श्रावण तथा भाद्र जस्ता गर्मी महिनामा बढी गर्मी तथा पुष, माघ र फागुन जस्ता जाडो महिनामा चिसो हुने गरेको छ । समग्रमा हेर्दा यस गाउँपालिकामा औसत वार्षिक अधिकतम तथा न्यूनतम तापक्रम नगण्य मात्रामा बढिरहेको देखिन्छ ।




**चित्र ९ : तापक्रमको प्रवृत्ति**

### ३.२.३.२ वर्षा परिवर्तनको क्रम र प्रवृत्ति विश्लेषण

मनसुनी वर्षा हुने भएकाले अधिकांश पानी मनसुनी मौसम सुरु भएपछि असारदेखि भाद्रसम्म पर्दछ। यहाँ करिब पाँच भाग वर्षाको चार भाग यही मनसुनी मौसममा पर्दछ भने हिउँदमा एकदम न्यून पानी पर्दछ। यसैगरी गाउँमा देखाईए झैं यहाँ विगत २९ वर्षको वर्षाको तथ्यांकलाई हेर्दा वर्षभरिमा औसत १५५.२ मिलिमिटर पानी पर्ने गरेको पाईन्छ - अधिकतम १९९९ सालमा २१५ मिलिमिटर र न्यूनतम २००७ सालमा १०८.१ मिलिमिटर रहेको छ।




**चित्र १० : वर्षाको प्रवृत्ति**

### ३.२.४ सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन

गाउँपालिका स्तरका सरोकारवालाहरुको उपस्थितिमा गाउँपालिकामा सामाजिक नक्शांकन तयार भए पछि, वडाको यथार्थ अवस्था पत्तालगाउनको लागि बाँफिकोट गाउँपालिकाका जम्मा १० वडाहरुमा वडा स्तरका सरोकारवालहरुको उपस्थितिमा वडा भित्रको यथार्थ चित्रण भएको सामाजिक स्रोत नक्शा तयार गरिएको थियो । जसमा वडा स्तरका विभिन्न राजनैतिक दलका प्रतिनिधि, वन समुह, आमा समुह, कृषक समुह, स्थानिय जनप्रतिनिधिहरु, विभिन्न संघ सस्थाका प्रतिनिधिहरुको तथा समाजसेविहरुको सहभागिता रहेको थियो । उक्त सामाजिक नक्शामा वडा स्तरको स्रोत, भौतिक संरचना, सांस्कृतिक सम्पदा, राजनैतिक अवस्था, सामाजिक मूल्य मान्यता र जोखिमको बिश्लेषण गरिएको थियो ।




चित्र ११ : सामाजिक स्रोत तथा संकटासन्नता नक्सांकन

साथै जी.आइ.एस. द्वारा बाँफिकोट गाउँपालीकाको पहिरो, बाढि र आगलागीको जोखिम नक्सा तयार गरिएको छ ।




चित्र १२ : बाँफिकोट गाउँपालिका पहिरो जोखिम नक्सा

बाँफिकोट गाउँपालिकाको वडा नं १, २, ३, ४, ९ र १० मा सानीभेरी नदी, १, २ मा पुमाखोला, २, ३ मा छिप्राखोला, ३, ४ मा तिलिचोखोला, ४, ६, ७, ९ मा मग्माखोला, बडगाइखोलाको बाढीको समस्या रहेको छ ।




चित्र १३ : बाँफिकोट गाउँपालिका बाढी जोखिम नक्सा

वनको डढेलो जोखिम वडा नं १०, ५, २, ३ मा बढी मात्रामा भएको देखिन्छ ।




चित्र १४ : बाँफिकोट गाउँपालिका आगलागी जोखिम नक्सा

### ३.२.५ प्रकोपको प्राथमिकिकरण

यस विधिको प्रयोगबाट हाल विद्यमान जलवायुजन्य प्रकोपहरु, ती प्रकोपहरुबाट भइरहेको र भविष्यमा हुन सक्ने समस्याको अवस्था तथा प्रकोपबाट प्रभावित हुन सक्ने संकटासन्न समुदायको विश्लेषण गरेर प्रकोपको पहिचान गर्न सकिने भएकोले यस बाँफिकोट गाउँपालिका प्रत्येक वडामा छलफल गरी विपद्को प्राथमिकिकरण गरिएको थियो । यो विधि क्षउबक नेपालले संकटासन्न विश्लेषणको बेलामा (SNCIDRA) प्रयोग गरेर ल्याएको नतिजा तालीका ११ र १२ मा प्रस्तुत गरिएको छ जस अनुसार यस बाँफिकोट गाउंपालिका जंगली जनावर आतंक उच्च जोखिममा रहेको पाइयो, क्रमिक रुपमा हावाहुरी, खडेरी, पशु रोगको जोखिम रहेको पाइयो ।

तालीका १२ : प्रकोप प्राथमिकिकरण

| प्रकोप | बाढी | पहिरो | पशु रोग | कृषि रोग | असिना | हावाहुरी | डढेलो | खडेरी | जंगली जनावर आतंक | आागलागि | चट्याङ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | | पहिरो | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| पहिरो | | | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो | पहिरो |
| पशु रोग | | | | पशु रोग | पशु रोग | हावाहुरी | पशु रोग | खडेरी | जंगली जनावर आतंक | पशु रोग | पशु रोग |
| कृषि रोग | | | | | असिना | हावाहुरी | कृषि रोग | खडेरी | जं.ज आतंक | कृषि रोग | कृषि रोग |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असिना | | | | | | हावाहुरी | डढेलो | खडेरी | जं.ज आतंक | आगलागि | असिना |
| हावाहुरी | | | | | | | हावाहुरी | हावाहुरी | जंगली जनावर आतंक | हावाहुरी | चट्याङ |
| डढेलो | | | | | | | | खडेरी | जं.ज आतंक | आगलागि | डढेलो |
| खडेरी | | | | | | | | | जं.ज आतंक | खडेरी | खडेरी |
| जंगली जनावर आतंक | | | | | | | | | | जंगली जनावर आतंक | जंगली जनावर आतंक |
| आगलागि | | | | | | | | | | | आगलागि |
| **चट्याङ** | | | | | | | | | | | |
| जम्मा अंक | ९ | १० | ५ | ३ | २ | ६ | २ | ६ | ८ | ३ | १ |
| स्तर | २ | १ | ६ | ७ | ९ | ४ | १० | ५ | ३ | ८ | ११ |

तालीका १३ : वडागत प्रकोपको मान

| **वडागत प्रकोपको मान** | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **प्रकोपहरु** | **वडा १** | **वडा २** | **वडा ३** | **वडा ४** | **वडा ५** | **वडा ६** | **वडा ७** | **वडा ८** | **वडा ९** | **वडा १०** | **जम्मा** | **स्तर** |
| पहिरो | 8 | 6 | 9 | 9 | 9 | 8 | 10 | 9 | 9 | 7 | **84** | **पहिलो** |
| बाढी र नदी कटान | 5 | 5 | 8 | 9 | 8 | 9 | 7 | 8 | 9 | 10 | **78** | **दोस्रो** |
| खडेरी | 5 | 3 | 6 | 5 | 7 | 6 | 5 | 6 | 4 | 6 | **53** | **तेस्रो** |
| चटयाङ | 4 | 4 | 5 | 4 | 5 | 6 | 4 | 5 | 4 | 6 | **47** | **पाचौं** |
| आगलागी | 6 | 5 | 5 | 5 | 6 | 4 | 5 | 4 | 5 | 6 | **51** | **चौथो** |
| कृषि रोग | 4 | 7 | 4 | 3 | 5 | 5 | 6 | 4 | 3 | 4 | **45** | **छैटौं** |
| महामारी | 3 | 3 | 5 | 4 | 5 | 5 | 4 | 5 | 5 | 4 | **43** | **सातौं** |
| वनमा रोग रकिरा | 2 | 4 | 3 | 2 | 3 | 2 | 3 | 3 | 4 | 3 | **29** | **नवौं** |
| जमिन भासिने | 1 | 2 | 2 | 3 | 6 | 5 | 4 | 4 | 6 | 3 | **36** | **आठौं** |

## ३.२.६ जोखिमको रुपरेखा

यस विधिको प्रयोगबाट बाँफिकोट गाउँपालिका क्षेत्रमा हाल विद्यमान प्रकोपहरु, ती प्रकोपहरुबाट भईरहेका र भविष्यमा हुन सक्ने समस्याको अवस्था तथा प्रकोप बाट प्रभावित र प्रभावित हुन सक्ने संकटासन्न समुदायहरुको विश्लेषण गरिएको थियो ।

तालीका १४ : जोखिमको रुपरेखा

| प्रकोप | अहिलेको अवस्था | भविश्यमा हुनसक्ने अनुमान |
|---|---|---|
| पहिरो | ठाउँठाउँमा पहिरो गएको र जमिन भासिएको अवस्था रहेको छ , जसले गर्दा खेतियोग्य जमिन र घर टहरा मा क्षेति भएको । | मानवीय क्षती, आर्थिक क्षति, पशु चौपायहरुको मृत्यु, घर तथा वस्ति जोखिममा, वनजंगलको क्षति, विद्यालय जोखिममा, स्थानिय सडकले पहिरोको जोखिम बढेको, बस्ती विस्थापित हुने सम्भावना, अनुकूलनका उपायहरु तत्काल नभएकोले भविश्यमा पहिरोको प्रकोप अझ बढ्न सक्ने |
| नदि कटान तथा बाढि | जलवायु परिवर्तनले गर्दा अत्यधिक बर्षाले नदि नदिको वहाव बड्दा जमिन कटान तथा मानविय क्षेतिका सामान्य घटना घटेका छन् । | अनाधिक रुपमा निमार्ण भएका भौतिक पूर्वधारको बिकासले (सडक निमार्ण,बाँध) ले गर्दा रोकिउको माटोहरुले खोला नालाले गाउँबस्तीमा धेरै क्षेती हुने । |
| खडेरी | कृषी उत्पादनमा ह्रास आएको | खडेरीका कारण पानीका मुहान सुक्दा महिलाको कामको बोझ बढ्को साथै कृष उत्पादनामा ह्रास आउदा बोकमारीको समस्या आउने देखिन्छ । |
| चट्याङ्ग | सामान्य अवस्था रहेको छ | गोठ राख्ने चलन क्रमश हट्दै जाने, पशुचौपाया उन्नत जातको बधुवा पाल्ने क्रम बढ्ने छ, अत उच्च क्षेत्रमा चट्याङ्गसँगको पशुचौपाया र गोठालाको सम्मुखता घट्ने छ, ग्रामिण विद्युतीकरणसँगै अर्थिकको व्यवस्थाले घरमा चट्याङ्गको प्रभाव कम पर्ने छ । |
| कृषि रोग | कृषिजन्य उत्पादन घटेको, उत्पादन भएको अन्न बचाएर राख्न नसकेको, बिषादी प्रयोग गर्नुपर्दा लगानि र खर्च बढेको, बिषाधिको प्रयोग गरिएको । | जलवायु परिवर्तनका कारण नयाँ नयाँ प्रजातीका रोग तथा झाड आउदा महिलाको कार्यबोझ बढ्नुको साथै कृषी उत्पादनमा ह्रास आउने संकेत देखिन्छ । |
| पशु रोग | हाल पहिलाको तुलनामा खोरेख लम्फि स्कीन जस्ता रोग देखा गरेका छन् | तुलनात्मक रुपमा बढ्दै जादा यसले महामारीको रुप लिएर आर्थिक संकट देखा पर्दछ । |
| आगलागि | सुख्खा मैाषमको कारण आगलागिका घटना छिटफुट घटेका छन् । | जलवायु परिवर्तनका कारण सुख्खा मौषम हुदा वन डढेलो लागि बन विनास भइ वातावरणमा प्रतिकुल असर पर्ने देखिन्छ । |
| **असिना** | असिनाले गर्दा बालिमा सामान्य क्षती भएको छ | यो अवस्था वद्दै जादा खाद्ययन्न बाली तथा तरकारी, फलफुल खेतीमा क्षेती पुग्दा भोक्मारी र मानिसको आयस्रोतमा बाधा पुग्ने देखिन्छ । |

| | | |
|---|---|---|
| **हावाहुरी** | हावाहुरीले बालिनालिको सामान्य क्षती भएको | भविश्यमा यसले बिकराल अवस्था हुदा बालिनालिको क्षती भइ खाद्यन्नमा ठुलो असर पुर्‍याउने अवस्था देखा परेको छ । |
| **जंगली जनावर आतंक** | बाँदर, स्यालको , बृद्दि भएको, अन्नवाली, तरकारी बाली र फलफूल खेती नोक्सान गर्ने गरेको । घरपालुवा जनावरहरु गोठालो गएको अवस्थामा बाघ, चितुवाले बाखाहरु खाइदिएको, स्थानीयहरुलाई मनोवैज्ञानिक असर परेको । | नयाँ नयाँ प्रजातीका जंगली जनावरको संख्य बढ्ने जसले गर्दा माव वस्ती नै स्तान्तरण हुने सम्भावना रहेको । |

### ३.२.७ संकटासन्न वर्ग तथा समुदाय पहिचान

जलवायु परिवर्तनले निम्त्याउने प्रकोपले पार्ने असर व्यक्ति, परिवार र समुदायको अनुकूलन क्षमतामा निर्भर हुने हुदाँ फरक फरक प्रकोपहरुले उमेर समूह, लिङ्ग, जातजाति, आर्थिक र सामाजिक अवस्था अनुसार फरक फरक प्रभाव पारेको हुन्छ । यस विधिको प्रयोग गरी यस गाउँपालिकाका वडाहरुमा भएका जलवायुजन्य प्रकोपहरुबाट गाउँपालिकामा कुन उमेर समूह, लिङ्ग, जातजाति, आर्थिक र सामाजिक अवस्थाका समुदायमा कस्तो प्रभाव परेको छ भन्ने कुराको विश्लेषण गरि अति उच्च असर पार्ने लाई ४, उच्चलाई ३ मध्यमलाई २ र न्युन असर गर्नेलाइ १ अंक दिएको थियो । यस विधिको प्रयोगले गाउँपालिकामा रहेको लैङ्गिक तथा जातीय समावेशीकरणको स्थितिको समेत उजागर गर्न मद्दत गरेको छ ।

तालीका १५ : जलवायु परिवर्तनबाट प्रभावित समुह, लिंग तथा समूदाय पहिचान

| प्रकोप | प्रकोपका असरहरु | प्रकोप संकटासन्नता वर्ग (अंक १ देखि ४) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उमेर समुह | | | | आर्थिक स्तर | | | | सामाजिक स्तर | | जतजाति | | |
| | | [illegible] | युवा | वयस्क | वृद्धवृद्धा | विपन्न | विपन्न | मध्यम वर्ग | वर्ग | अपाङ्गता र अशक्त | एकल महिला | दलित | जनजाति | क्षेत्री |
| पहिरो | घर गोठको क्षति | 3 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| | खेतीयोग्य जमीनको क्षति | 3 | 3 | 2 | 2 | 3 | 3 | 3 | 3 | 3 | 3 | 4 | 3 | 2 |
| | मानवीय क्षति | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 |
| | पशु चौपायाको क्षति | 2 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | बाली र फलफुलको क्षति | 2 | 2 | 3 | 4 | 3 | 2 | 1 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | वनका रुखविरुवाको क्षति | 2 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| | पानीको मुहानहरुमा क्षति | 2 | 3 | 3 | 3 | 3 | 3 | 3 | 3 | 4 | 4 | 4 | 3 | 2 |
| बाढी | खेतीयोग्य जमीन कटान | 2 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| | अन्न बालीको नष्ट | 2 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |

| प्रकोप | प्रकोपका असरहरु | प्रकोप संकटासन्नता वर्ग (अंक १ देखि ४) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उमेर समुह | | | | आर्थिक स्तर | | | | सामाजिक स्तर | | जतजाति | | |
| | | ा | युवा | वयस्क | वृद्धवृद्धा | विपन्न | विपन्न | मध्यम वर्ग | वर्ग | अपाङ्गता र अशक्त | एकल महिला | दलित | जनजाति | क्षेत्री |
| | जैविक विविधतामा असर | 2 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | वन क्षेत्र कटान | 2 | 3 | 3 | 2 | 3 | 3 | 2 | 3 | 3 | 3 | 2 | 2 | 2 |
| | पानी घट्टको क्षति | 2 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| | भुक्षय | 3 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| | खानेपानी मुहानमा क्षति | 3 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | आवतजावतमा कठिनाई | 4 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 3 |
| चट्याङ | विद्युतमा आगलागी | 2 | 1 | 2 | 4 | 4 | 3 | 2 | 1 | 4 | 3 | 4 | 3 | 2 |
| | घरको क्षति | 3 | 3 | 3 | 3 | 3 | 3 | 3 | 3 | 4 | 4 | 4 | 3 | 2 |
| | सौर्य बत्तीमा असर | 4 | 1 | 2 | 4 | 4 | 3 | 2 | 1 | 4 | 3 | 4 | 3 | 2 |
| | मानवीय क्षति | 4 | 1 | 2 | 4 | 4 | 3 | 2 | 1 | 4 | 3 | 4 | 3 | 2 |
| | पशु चौपायाको क्षति | 1 | 1 | 2 | 4 | 4 | 3 | 2 | 1 | 4 | 3 | 4 | 3 | 2 |
| | पुर्वाधारमा क्षति | 4 | 3 | 3 | 2 | 3 | 3 | 2 | 3 | 3 | 3 | 2 | 2 | 2 |
| | वन क्षेत्रमा आगलागी | 2 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| आगलागी | घर गोठमा क्षति | 4 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| | वनजंगलको क्षति | 4 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | बन्यजन्तुहरुमा असर | 4 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | धनको क्षति | 4 | 4 | 2 | 4 | 4 | 3 | 2 | 4 | 4 | 3 | 4 | 3 | 2 |
| | मानवीय क्षति | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 |
| | जैविक विविधता र वातावरणीय असर | 3 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| कृषिबालीमा रोग र किरा | भोकमरी | 4 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| | अन्नवाली उत्पादनमा ह्रास | 4 | 3 | 2 | 2 | 3 | 3 | 3 | 3 | 3 | 3 | 4 | 3 | 2 |
| | फलफुल उत्पादनमा ह्रास | 4 | 2 | 4 | 4 | 4 | 4 | 4 | 2 | 4 | 4 | 4 | 4 | 2 |
| | तरकारी उत्पादनमा कमी | 3 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| | पशुचौपायाको आहारमा अभाव | 3 | 2 | 3 | 4 | 3 | 2 | 1 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | कुपोषण | 4 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | विपन्नता र बेरोजगारी बढ्ने | 2 | 3 | 3 | 3 | 3 | 3 | 3 | 3 | 4 | 4 | 4 | 3 | 2 |

| प्रकोप | प्रकोपका असरहरु | प्रकोप संकटासन्नता वर्ग (अंक १ देखि ४) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उमेर समुह | | | | आर्थिक स्तर | | | | सामाजिक स्तर | | जतजाति | | |
| | | ा | युवा | वयस्क | वृद्धवृद्धा | विपन्न | विपन्न | मध्यम वर्ग | वर्ग | अपाङ्गता र अशक्त | एकल महिला | दलित | जनजाति | क्षेत्री |
| मुहानमा पानी घट्ने | खानेपानी अभाव | 3 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | सरसफाइमा समस्या | 2 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| | सिँचाइ समस्या | 2 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| | अन्नवाली उत्पादनमा कमी | 2 | 3 | 3 | 2 | 3 | 3 | 2 | 3 | 3 | 3 | 2 | 2 | 2 |
| | फलफुल उत्पादनमा कमी | 3 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | रुख विरुवा सुक्ने | 3 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| | वन्यजन्तु र पंक्षीहरुमा पानीको अभाव | 3 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| महामारी | मानवीय क्षति | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 |
| | पशुपंक्षीमा असर | 3 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | कृषि क्षेत्रमा असर | 3 | 3 | 3 | 3 | 3 | 3 | 3 | 3 | 4 | 4 | 4 | 3 | 2 |
| | मानसिक रोगहरुमा वृद्धि | 4 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| जमीन भासिने | भौतिक क्षति | 3 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| | आर्थिक असर | 4 | 3 | 3 | 2 | 3 | 3 | 2 | 3 | 3 | 3 | 2 | 2 | 2 |
| | वातावरणीय असर | 3 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | वन क्षेत्रको क्षति | 3 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | मानवीय क्षति | 4 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| खडेरी | सिँचाइ समस्या | 3 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| | बाली उत्पादनमा अभाव | 3 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | फलफुल उत्पादनमा कमी | 4 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | भोकमरी | 4 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | कुपोषण | 4 | 1 | 2 | 2 | 3 | 3 | 3 | 1 | 3 | 3 | 4 | 3 | 2 |
| वन प्रजातिहरुमा रोग र किरा | घाँस, दाउरा, स्याउला काठको अभाव | 2 | 2 | 4 | 4 | 4 | 4 | 4 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | वातावरणीय र पर्यापर्यटनमा असर | 4 | 1 | 2 | 4 | 4 | 3 | 2 | 1 | 4 | 3 | 4 | 3 | 2 |
| | उद्योगहरुमा कच्चा पर्दाथको अभाव | 2 | 4 | 3 | 4 | 3 | 2 | 1 | 4 | 4 | 3 | 4 | 3 | 2 |
| | भुक्षय बढ्ने | 4 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |

| प्रकोप | प्रकोपका असरहरु | प्रकोप संकटासन्नता वर्ग (अंक १ देखि ४) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उमेर समुह | | | | आर्थिक स्तर | | | | सामाजिक स्तर | | जतजाति | | |
| | | ा | युवा | वयस्क | वृद्धवृद्धा | विपन्न | विपन्न | मध्यम वर्ग | वर्ग | अपाङ्गता र अशक्त | एकल महिला | दलित | जनजाति | क्षेत्री |
| | खडेरी बढ्ने | 3 | 2 | 3 | 3 | 3 | 3 | 3 | 2 | 4 | 4 | 4 | 3 | 2 |
| | वर्षामा अनियमितता हुने | 2 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| | वन्य जन्तु र पंक्षीहरुमा आराको अभाव | 2 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| नदी कटान | खेती योग्य जमीनको क्षति | 2 | 3 | 2 | 4 | 4 | 3 | 2 | 3 | 4 | 3 | 4 | 3 | 2 |
| | कृषि बालीमा क्षति | 4 | 3 | 3 | 2 | 3 | 3 | 2 | 3 | 3 | 3 | 2 | 2 | 2 |
| | पशुचौपायको क्षति | 4 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | भौतिक पुर्वाधारमा क्षति | 3 | 2 | 2 | 4 | 4 | 3 | 2 | 2 | 4 | 3 | 4 | 3 | 2 |
| | जलवायुजन्य विपद बढ्ने | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 | 4 |
| | जम्मा | **208** | **171** | **161** | **251** | **256** | **207** | **153** | **171** | **264** | **214** | **262** | **204** | **145** |

*नोट : न्युन जोखिम– १, मध्यम जोखिम– २, उच्च जोखिम– ३ र अति उच्च जोखिम– ४*

यसरी जलवायु परिवर्तनबाट प्रभावित समूह, लिंग तथा समुदायको विश्लेषण गर्दा जलवायु परिवर्तन र जलवायुजन्य प्रकोपहरु (बाढी, पहिरो, खडेरी, कृषिमा रोग, हावाहुरी, पशुमा रोग, मिचाहा प्रजातिको प्रकोप, आदि) बाट सबैभन्दा बढी वृद्धवृद्धा, अति विपन्न वर्ग तथा जातजातिको आधारमा दलितहरु र सामाजिक स्तरको हिसाबले एकल महिला र अपाङ्गता भएका व्यक्तिहरु उच्च संकटासन्न रहेको देखिएको छ भने कतिपय प्रकोपहरुको सन्दर्भमा जिम्मेवारी अनुसार समेत प्रभावको मुल्याङ्कन भएको छ । यी प्रकोप तथा जोखिमहरुबाट अन्य वर्ग समुदाय प्रभावित भएता पनि उनीहरुसँग ती प्रकोपहरुको सामना गर्न सक्ने क्षमता तुलनात्मक रुपमा उच्च रहेको देखिन्छ । जोखिमको प्रकृति हेरी कुनै समुदाय, वर्ग, लिंग, उमेर समुहहरुमा सबै प्रकारको असरहरु देखिएता पनि तुलनात्मक रुपमा सक्षमहरुको क्षमतामा फरक देखिएको छ । गाउँपालिकाका वडा तथा समुदायमा देखापरेका सबैखालका प्रकोपहरुले स्थानीय जनजिवन, जिविकोपार्जन लाई प्रत्यक्ष प्रभाव पारेको छ र सो को विवरण **तालीका १५** मा प्रकाश पारिएको छ ।

**तालीका १६ : यौन तथा प्रजनन् स्वास्थ्यमा जलवायु परिवर्तनले पर्ने असरहरु**

| संकटासन्न समूह | फरक असर | यौन तथा प्रजनन् स्वास्थ्यमा पर्ने असर | फरक असरलाई सम्बोधन गर्ने अनुकूलन उपाय | यौन तथा प्रजनन् स्वास्थ्यमा आवश्यक पर्ने अनुकूलन उपाय |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| **दलित** | कुनै पनि प्रकारको सेवामा समावेस नगर्ने । कुनै पनि प्रकारको विपद् आउम्दा अरु सँगै बस्ने तथा खानु पर्ने अवस्था आएमा अलग राख्ने । | यौन तथा प्रजनन् स्वास्थ्यको सेवा लाई प्राथमिकतामा नराख्ने । स्यानिटरी प्याडहरु व्यवस्था नहुने । | समुदायका अन्य सदस्यहरु सरह व्यवहार गर्न पर्ने । | स्वास्थ्य सेवामा समान पहुँच । स्यानिटरी प्याड, परिवार नियोजनका साधन उपलब्धता । |
| **एकल महिला** | सेवाहरु को जानकारी र पहुँच नपाउने | अन्य सेवाहरु साथै यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धित सेवा नपाउने | सेवामा पहुँच बढाउने | परिवार योजना, गर्भ निरोधक साधन, तथा गर्भपतको सेवामा समावेश गर्ने |
| **बालबालीका तथा किशोर किशोरी** | विपद् को कारण ले गर्दा विद्यालय छाड्ने जसले गर्दा परिवारले बाल विवाह गर्दिने र सानो उमेरमा गर्भवती हुने । पानिको मुहान सुक्दै जानु जसले गर्दा बालबालीका तथा किशोर किशोरीलाई टाडाबाट पानी बोक्नु पर्ने ।<br><br>विपद आइहाल्यो भने तुरुन्तै सुरक्षित ठाउँमा जाना नसक्ने र सुरक्षित स्थानमा जार्नु पर्छ भने जानकारी पनि नहुने | महिनावारी हुने किशोरीहरुको लागि सरसफाई गर्ने नसक्ने जसले गर्दा प्रजनन् स्वास्थ्यमा असर आउने सम्भावना बढेको ।<br><br>टाढा टाढा बाट पानी बोकन जादा बलात्कृत हुन सक्ने सम्भावना धेरै हुने ।<br><br>सेनेटेरी प्याडको व्यवस्थापन गर्न समस्या हुने । | विपद पछि पनि विद्यालयलाई निरन्तर गर्न वैकल्पिक योजना बनाउने । विद्यालयमा विपद पूर्व तयारी योजना बनाउने ।<br>First-aid kits को व्यवस्थापन । | सेनेटेरी प्याडको stockpiling गर्ने । किशोर किशोरीको लागी विपद तयारी सम्बन्धी तालीम सञ्चालन गर्ने । लैङ्गिक हिंसा सम्बन्धी जानकारी प्रदान गर्ने । |
| **पहिरो नजिकको वस्ती** | यी घटनाहरूले माटोको स्थिरता खोली भूस्खलनको जोखिमलाई महत्वपूर्ण रूपमा बढाउँछ । भूस्खलन हुने क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरूका घर र संरचनाहरू आर्थिक र भौतिक दृष्टिले थप असुरक्षित हुन्छन् । अत्यधिक वर्षा र बाढीले ती संरचनाहरूलाई ढालेर मानिसहरूको जीवनलाई गम्भीर खतरा निम्त्याउन | महिलाहरूलाई गर्भावस्था निगरानी, प्रसूति सेवाहरू, गर्भनिरोधक सेवा र अन्य प्रजनन स्वास्थ्य सेवाहरूमा असहजता र ढिलाइ हुन सक्छ । महिलाहरूको गर्भाशय संक्रमण, योनिको संक्रमण र अन्य प्रजनन स्वास्थ्य समस्याहरू बढ्न सक्छ । यौन हिंसाबाट पीडित | भूगर्भीय जोखिम मूल्याङ्कन र भूस्खलन जोखिम क्षेत्रको पहिचान गर्नु पर्छ र त्यहाँ बसोबास गर्ने बासिन्दाहरूको लागि सुरक्षित स्थानीय पुनर्निर्माण योजनाहरू तयार गर्नुपर्छ ।<br><br>जलवायु परिवर्तन सम्बन्धी शिक्षा र | महिलाहरूका लागि सुरक्षित आश्रय केन्द्रहरू र लैंगिक हिंसा विरोधी उपायहरू लागू गर्नुपर्छ जसले प्रजनन स्वास्थ्य समस्याहरूको जोखिमलाई कम गर्छ । प्रजनन स्वास्थ्य शिक्षा र स्वच्छताका कार्यक्रमहरू सञ्चालन गर्नु पर्छ । मनोचिकित्सक सहायता र समूह सल्लाहकार सेवाहरू उपलब्ध गराउनु पर्छ । |

| | | | | |
|---|---|---|---|---|
| | सक्छ । जीवनको असुरक्षा र परिवार विहिन हुने डरले मानसिक स्वास्थ्य समस्याहरू जस्तै तनाव, चिन्ता र अवसादको दर बढाउन सक्छ । | महिलाहरूलाई सुरक्षित गर्भपतन र प्रजनन स्वास्थ्य सेवामा पहुँचका लागि थप समस्या आउन सक्छ । | चेतना कार्यक्रमहरू सञ्चालन । समुदायलाई अत्यधिक वर्षा र बाढीका जोखिम र त्यसको व्यवस्थापनका उपायहरूको बारेमा सचेत बनाउनु पर्छ । | |
| **भूकम्प** | भूकम्पका कारण पहिले नै क्षतिग्रस्त भएका संरचनाहरू जस्तै बाटो, पुल र घरमा बाढीले थप क्षति पुर्‍याउन सक्छ, जसले राहत प्रयासलाई थप गाह्रो बनाउँछ र पुनर्निर्माण प्रक्रियामा ढिलाइ हुन सक्छ । अस्थायी स्थलहरूमा बसिरहेका भूकम्प पीडितहरूलाई जलवायुका चरम प्रभावहरू जस्तै आँधी, वर्षा वा बाढीले थप असुरक्षित बनाउँछ र उनीहरूको जीवनलाई थप जोखिममा पार्छ । | भूकम्प र जलवायु परिवर्तनले गरिब र आपतकालीन अवस्थामा रहेका महिलाहरूको लैंगिक आधारित हिंसाको जोखिम बढाउन सक्छ । मानसिक तनाव, चिन्ता, र डिप्रेशनको उच्च दरले महिलाहरूको गर्भधारणको निर्णय, गर्भवती हुने प्रक्रिया र प्रजनन स्वास्थ्य व्यवस्थापनमा कठिनाई ल्याउन सक्छ । तनावका कारण प्रजनन स्वास्थ्य समस्याहरू जस्तै अनियमित महिनावारी, हार्मोनल असन्तुलन, र गर्भधारणमा समस्या आउन सक्छ । जलवायु परिवर्तनका कारण हुने बाढी र वर्षाले स्वच्छता समस्याहरू निम्त्याउन सक्छ जसले पानीजन्य रोगहरू र यौन संक्रमणहरूको जोखिम | भूकम्प र जलवायु परिवर्तनका जोखिमलाई एकसाथ मूल्याङ्कन गरेर प्रभावकारी योजना तयार गर्नु आवश्यक छ । भूकम्प र जलवायु परिवर्तनसँग जुँध्नका लागि जलवायु परिवर्तन अनुकूलन र भूकम्प प्रतिरोधी योजनाहरू समावेश गर्नु । | महिला र बालबालिकाहरूका लागि सुरक्षित स्थान र सहायता सेवाहरूको पहुँच सुनिश्चित गर्नु जसले प्रजनन स्वास्थ्यमा असर गर्ने हिंसा र शोषणका घटनाहरूलाई कम गर्न सक्छ । स्थानीय र आपतकालीन स्वास्थ्य सेवाहरूलाई प्रबल बनाउनु आवश्यक छ । |

| | | | | |
|---|---|---|---|---|
| | | बढाउँछ । | | |
| **अपाङ्ता भएका व्यक्ती** | अपाङ्ता व्यक्तिहरूलाई स्वास्थ्य सेवा र आपतकालीन ठाउँ पहुँचमा समस्या ल्याउन सक्छ ।<br>विशेष उपचार र सेवा प्राप्त गर्न गाह्रो जसले स्वास्थ्यमा गम्भीर असर पुर्याउँछ ।<br>बेरोजगारी र आयका स्रोत घटाउँछ जसले अपाङ्ता भएका व्यक्तिहरूलाई अझ बढी आर्थिक संकटमा पुर्याउँछ । | अतिरिक्त तनाव र संसाधनको कमीले हेरचाह गर्ने व्यक्तिहरूलाई गाह्रो बनाउन सक्छ र यसले अपाङ्ता भएका व्यक्तिहरूलाई हिंसा र उपेक्षाको सिकार बनाउन सक्छ ।<br>शारीरिक श्रम, यौन शोषण वा बलात्कृत विवाह को शिकार हुन सक्छन् ।<br>बाढी, आँधी, र तापक्रम वृद्धि जस्ता घटनाहरूले स्वास्थ्य पूर्वाधारलाई असर पुर्याउँछ जसले अपाङ्ता भएका व्यक्तिहरूलाई प्रजनन स्वास्थ्य सेवा (जस्तै परिवार नियोजन, गर्भावस्था हेरचाह, र प्रसव सेवाहरू) प्राप्त गर्न कठिन बनाउँछ | सुरक्षित स्थान, सहायता सेवाहरू र स्वास्थ्य सेवाहरू अपाङ्ता भएका व्यक्तिहरूका लागि उपयुक्त र पहुँच योग्य हुनुपर्छ ।<br>आपतकालीन स्थितिमा अपाङ्ता भएका व्यक्तिहरूलाई विशेष हेरचाह र सेवाहरू उपलब्ध गराउनु आवश्यक छ । यस्ता सेवाहरूमा शारीरिक उपचार, मानसिक स्वास्थ्य समर्थन र पुनःस्थापना कार्यक्रमहरू समावेश हुनुपर्छ । | प्रजनन स्वास्थ्य सेवाहरूमा सजिलो पहुँच उपलब्ध गराउनको लागि अस्पताल, क्लिनिक र स्वास्थ्य केन्द्रहरूलाई समावेशी र सजिलै पहुँचयोग्य बनाउनु आवश्यक ।<br>उपचारका क्रममा सुरक्षा र गोपनीयताको ख्याल राख्नुपर्छ ।<br>यौन हिंसा र लैंगिक उत्पीडनबाट जोगाउनका लागि समाजमा जागरूकता फैलाउनु र कानूनी सुरक्षा प्रणालीलाई मजबुत बनाउनु । |

| | | | | |
|---|---|---|---|---|
| **खोला नजिकको वस्ती** | नदीको प्रवाहमा असमानता र अत्यधिक वर्षा बढ्ने हुँदा नदी किनारका समुदायहरूलाई बाढी र नदी कटानको जोखिम बढी हुन्छ जसले कृषि भूमि र अन्य पूर्वाधारलाई नष्ट पार्न सक्छ । नदी किनारका समुदायहरूको जीविकोपार्जन र खाद्य सुरक्षा संकटमा पार्न सक्छ । | गर्भवती महिलाहरू र अन्य महिलाहरूलाई प्रजनन स्वास्थ्य सेवामा पहुँच प्राप्त गर्न गाह्रो हुन सक्छ। यसले समयमै गर्भपतन रोकथाम, वा अन्य प्रजनन स्वास्थ्य सेवाहरूको अभावमा असर पुर्याउँछ । जलवायु परिवर्तनले आर्थिक संकट र सामाजिक असुरक्षा बढाउँछ जसले महिलाहरूको प्रजनन स्वास्थ्य समस्यालाई प्राथमिकता नदिने परिणाम स्वरूप गर्भावस्था सम्बन्धी समस्या, पोषणको कमी र गर्भपतन जस्ता समस्याहरू बढ्न सक्छ । | बाढी नियन्त्रणका लागि बाँध र सुरक्षा संरचनाहरू निर्माण गर्नु । नदी किनारको संरक्षण गर्न वृक्षारोपण र माटो बचाउने उपायहरू लागू गर्ने । सार्वजनिक र निजी क्षेत्रसँग मिलेर जलवायु अनुकूलन कार्यक्रमहरू चलाउने । पानीको आपूर्ति र गुणस्तर सुधार गर्न योजना तयार गर्नु । | आपतकालीन अवस्थामा स्वास्थ्य सेवा केन्द्रहरूको पहुँचमा समस्या आउन सक्छ । त्यसैले आपतकालीन स्वास्थ्य सेवा केन्द्रहरू स्थापना गर्नु र सस्तो र सजिलै उपलब्ध हुने महिला स्वास्थ्य सेवा र परिवार नियोजन सेवाहरू उपलब्ध गराउने । प्रजनन स्वास्थ्यको जाँच र उपचारका लागि महिलाहरूलाई नजिकको स्वास्थ्य केन्द्रमा नियमित जाँच र निवारक सेवा प्राप्त गर्न प्रोत्साहित गर्नु जसले गर्भवती महिलाहरूको स्वास्थ्यलाई सुरक्षित राख्न मद्दत गर्छ । |

## कार्यबोझ विश्लेषण

यो विधि र औजारले महिला र पुरुषले घरमा गरिने विभिन्न क्रियाकलापहरू र त्यसमा लाग्ने समयको लेखाजोखा गर्दछ र यस लेखाजोखाको आधारमा महिला र पुरुष बीच हुने कार्यवोझको विश्लेषण गर्दछ । त्यसैले यस बाँफिकोट गाउँपालिकामा गरिब तथा अति गरिब समुदायमा महिलाहरुलाइ लक्षित समुह छलफलको माध्यम बाट बिहान देखि साँझ सम्ममा महिला र पुरुषको कामको समय तालिका निम्नानुसार रहेको छ ।

**तालीका १७ : कार्यबोझ विश्लेषण**

| समय | महिलाले गर्ने कामहरूको सूची | पुरुषले गर्ने कामको सूची |
|---|---|---|
| बिहान ५ देखि ६ बजे सम्म | घरको सरसफाई, पुजा पाठ | |
| ७ देखि ९ | खाना पकाउने, बच्चालाई विद्यालय पठाउने, घाँस काट्ने, दाउरा काट्न जाने | |
| ९ देखि ५ बजे सम्म | किराना पसल जाने | विद्यालयमा पढाउने |
| ६ बजे देख ८ बजे सम्म | खाना पकाउने, छोरा छोरीहरुलाई खाना खुवाउने सुताउने, खान खाएको भाँडा माझ्ने, सरसफाई गर्ने | पसल हेर्ने |

माथिको तालीका एउटा घरको उदाहरण हो जसबाट महिला र पुरुषको कामको विश्लेषण गर्दा महिलाको कार्य बोझ बढी भएको देखिन्छ र समाजमा भएको संरचना, महिलाको भुमका, पुरुषहरु विदेश पलायनले गर्दा महिलाहरुको कार्यबोझ बढेको छ र विपदको समय झन जिम्मेवारी बढेको छ । महिलाहरु बिच विश्लेषण गर्दा अति विपन्न र गरिब परिवारका महिला सदस्यहरुको घर भित्र सबै भन्दा बढी जिम्मेवारी रहेको पाइएको छ भने समुदायमा सामाजिक काममा सहयोग गर्न गएको देखिन्छ । वडा र पालिकामा उनिहरुको पहुँच कम भएको देखिन्छ । स्थानिय तहको योजना छनौंट, सामुदायिक बैठक र निर्णय प्रक्रियामा सहभागिता नै नभएको देखिन्छ । अति विपन्न परिवारमा जिल्ला बाहिर औषधी उपचारको लागि मात्र गएको पाइन्छ भने सम्पन्न परिवारका महिलाहरु जिल्ला बाहिर घुम्नको लागि गएको देखिन्छ ।

### 3=2=8 वडाहरुको संकटासन्नताको अवस्था स्तरीकरण

माथील्लो तालीका अनुसार गाउँपालिकामा रहेका १० वटै वडाहरु बीच प्रकोप तथा जोखिमको आधारमा तुलना गर्दै सबैभन्दा जोखिममा रहेको वडा निर्धारण गरिएको थियो ।

तालीका १८ : संकटासन्नताका कारण तथा सुचकहरु

| वडा नं. | संकटासन्नताको स्तर | संकटासन्नताको कारण तथा सूचकहरु |
|---|---|---|
| १ | न्यून | अन्य वडाहरु जस्तै सबै खाले जलवायु जन्य प्रकोपहरुको असर परिरहेता पनि अन्य वडाहरुको तुलनामा कम असर भएको, गाउँपालिकाको केन्द्र भएको । |
| २ | मध्यम | तुलनात्मक रुपमा अन्य वडाहरु भन्दा आगलागी र पहिरो बाहेक अन्य जलवायु जन्य प्रकोपहरुको असर कम भएको । |
| ३ र ४ | उच्च | अन्य वडाहरु जस्तै सबै खाले जलवायु जन्य प्रकोपहरुको असर परिरहेको । पहिरो, आगलागी, कृषि तथा पशुपंक्षिमा रोगको प्रभाव अन्य वडाहरुको तुलनामा बढी आगलागी हुने, साथै खहरे खोलाहरुले क्षति पुर्‍याउने । |
| ५, ६, ७, ८, ९, १० | अति उच्च | अन्य वडाहरु जस्तै सबै खाले जलवायु जन्य प्रकोपहरुको असर परिरहेको, पहिरो, बाढी तथा वन डढेलोको प्रकोप अन्य वडाहरुको तुलनामा बढि भएको साथै भौगोलिक रुपमा ठूलो तथा सेवा प्रदायक संस्थाहरुबाट टाढा रहेको, खानेपानी तथा सिंचाईको अभाव रहेको, सहयोगी निकायबाट प्राप्त हुने लाभ सबैले प्राप्त गर्न कठिन । |

### ३.२.९ स्रोतहरुको वितरण तथा जोखिमको अवस्था

बाँफिकोट गाउँपालिका र यस भित्र रहेका वडाहरुमा भौगोलिक सूचना प्रणाली तथा सहभागितामूलक परिदृश्य विकासको प्रयोग गरी सहभागितामूलक विधिहरुमार्फत प्रकोपहरुको पहिचान र जलवायुजन्य संकटासन्नता तथा जोखिमको विश्लेषण गरिएको छ । यस्ता प्रकोप तथा जलवायुजन्य संकटसँग जुध्नका लागि आवश्यक अनुकूलन क्षमताको प्रयाप्तता मापनका लागि जलवायुका प्रकोपहरुबाट संकटासन्न वडाहरु र ती वडा भित्रका संकटासन्न समुदाय, घरधुरी र व्यक्ति पहिचान गरी जलवायु परिवर्तनका प्रमुख असर तथा क्षेत्रहरुको विश्लेषण समेत सोही विधिबाट गरिएको छ । यो विधिको प्रयोगले हाल देखा परेका तथा भविष्यमा देखा पर्न सक्ने जलवायुजन्य संकट तथा प्रकोपहरुको न्यूनीकरण गर्न आवश्यक पर्ने अनुकूलन क्रियाकलापहरुको पहिचान तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि सहज बनाउन निम्न उल्लेखित प्रक्रियाहरु पूरा गरी यो योजना तयार गरिएको छ ।

### ३.२.९.१ प्रकोप सूचकांक

बाँफिकोट गाउँपालिकाको गाउँपालिका स्तरीय अन्तरक्रियाका सहभागिहरुले ९ वटा प्रकोपहरु पहिचान गरेका छन् । तलको तालिका संग सामुदायिक तथा पारिस्थितिकीय प्रणालीको सम्मुखता, संवेदनशीलता र प्रकोपहरुसँग जुध्ने अनुकूलन क्षमताको विश्लेषण नेपाल सरकारले तय गरेका विभिन्न सूचकहरु मध्येबाट यस गाउँपालिकाका लागि उपयुक्त सूचकहरुको पहिचान र छनौट गरी गरिएको छ ।

**तालिका १८** देखाईएको प्रकोपहरुको सूचकाङ्क अनुसार जलवायुजन्य प्रकोपहरुको समस्या तथा जोखिम वडा नं. ५ मा सबैभन्दा बढी र वडा नं. १ मा सबैभन्दा कम रहेको छ ।

तालीका १९ : प्रकोपको वडागत सूचङ्काक

| प्रकोपहरु | प्रकोपको वडागत सूचङ्काक | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ | वडा नं. ८ | वडा नं. ९ | वडा नं. १० |
| पहिरो | ०.१० | ०.०७ | ०.११ | ०.११ | ०.११ | ०.१० | ०.१२ | ०.११ | ०.११ | ०.०८ |
| बाढी | ०.०६ | ०.०६ | ०.१० | ०.१२ | ०.१० | ०.१२ | ०.०९ | ०.१० | ०.१२ | ०.१३ |
| खडेरी | ०.०९ | ०.०६ | ०.११ | ०.०९ | ०.१३ | ०.११ | ०.०९ | ०.११ | ०.०८ | ०.११ |
| चटयाङ | ०.०९ | ०.०९ | ०.११ | ०.०९ | ०.११ | ०.१३ | ०.०९ | ०.११ | ०.०९ | ०.१३ |
| आगलागी | ०.१२ | ०.१० | ०.१० | ०.१० | ०.१२ | ०.०८ | ०.१० | ०.०८ | ०.१० | ०.१२ |
| वाली रोग | ०.०९ | ०.१६ | ०.०९ | ०.०७ | ०.११ | ०.११ | ०.१३ | ०.०९ | ०.०७ | ०.०९ |
| महामारी | ०.०७ | ०.०७ | ०.१२ | ०.०९ | ०.१२ | ०.१२ | ०.०९ | ०.१२ | ०.१२ | ०.०९ |
| वनमा रोग किरा | ०.०७ | ०.१४ | ०.१० | ०.०७ | ०.१० | ०.०७ | ०.१० | ०.१० | ०.१४ | ०.१० |
| जमिन भासिने | ०.०३ | ०.०६ | ०.०६ | ०.०८ | ०.१७ | ०.१४ | ०.११ | ०.११ | ०.१७ | ०.०८ |
| जम्मा | ०.७१ | ०.७९ | ०.८९ | ०.८१ | १.०६ | ०.९७ | ०.९३ | ०.९३ | ०.९७ | ०.९४ |

### ३.२.९.२ सम्मुखता

यस गाउँपालिकामा पहिचान भएका प्रकोपहरुसँग सामुदायिक तथा पारिस्थितिकीय प्रणालीको सम्मुखताको विश्लेषणका लागि जम्मा जनसंख्या, खेतीयोग्य जमिन, वन क्षेत्र, वस्ति तथा भौतिक पूर्वाधारलाई सूचकको रुपमा लिईएको छ । यी सूचकहरुको वडागत मान गाउँपालिकामा आयोजित अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले सहभागितामूलक ढंगले निर्धारण गरेका छन् । पहिचान भएका प्रकोपसँग प्रत्येक वडाको जम्मा सम्मुखतालाई एक मानी बढी सम्मुख भएको सूचकलाई बढी र कम सम्मुख भएको सूचकलाई कम मान दिईएको छ । यस गाउँपालिकामा प्रकोपहरुले सबैभन्दा बढी वस्ती तथा भौतिक पूर्वाधारमा असर गरेको देखिन्छ ।

**तालिका १९** मा देखाईएको सम्मुखताको सूचकाङ्क अनुसार जलवायुजन्य प्रकोपहरुसँग वडा नं. ४ सबैभन्दा बढी र वडा नं. ७ सबैभन्दा कम सम्मुख रहेका छन् ।

तालीका २० : सम्मूखताको वडागत मापन

